# पुस्तकालय अभिलेख व्यवस्थापन मस्यौदा

## कार्यदल गठन मिति: २०७२।११।३० को (माननीय मन्त्रीस्तरीय) निर्णय

कार्यदलमा रहने सदस्यहरु:

श्री इन्दिरा दली - संयोजक

श्री यादवचन्द्र निरौला - सदस्य

श्री जगदिशचन्द्र अर्याल - सदस्य

श्री ललितप्रसाद बिष्ट - सदस्य

श्री चन्द्रभूषण यादव - सदस्य

श्री उपेन्द्रप्रसाद मैनाली - सदस्य सचिव

# प्राक्कथन

भनिन्छ “समयको प्रवाहमा इतिहासको रचना हुन्छ” । चार्ल्स डार्विनको विकासबादी सिद्धान्तले पनि यहि भन्छ । मानव सभ्यता र संस्कृतिलाई लामो समय सम्म संरक्षण र सम्बर्द्धन गरेर राख्नुका साथै सरोकारवालाले खोजेको वखत तुरुन्त सेवा प्रदान गर्ने उद्देश्यले पुस्तकालय तथा सूचना केन्द्रहरूको स्थापना भएको हुन्छ । डार्विनको विकासबादी सिद्धान्त पुस्तकालय तथा सूचना केन्द्रको स्थापना तिनीहरूको प्रभावकारी सञ्चालनमा पनि यो कुरा लागू हुन्छ ।

सुमेरियन तथा मेसोपोटामियन सभ्यताबाट सुरुभएका माटाका खवट (Tablets) हरूदेखि सूचना तथा सञ्चार प्रविधिको विकासको परिणामस्वहरू विकास भएका विद्युतीय पुस्तकालयको हालको अवस्थाले पनि पुस्तकालयहरूको समयअनुसार परिवर्तित स्वहरूलाई प्रतिबिम्बित गर्दछन् । अतः आाजको यो विद्युतीय युगमा पुस्तकालय तथा सूचना केन्द्रहरूको भविष्य विद्युतीय पुस्तकालयको विकास र विस्तारमा भर पर्दछ । परम्परागत हरूमा मात्र रहेका पुस्तकालयको भविष्य साँघुरिदो छ ।

समय सधै एकैनासको हुदैन । २०७२ सालको बैशाख १२ गतेको विनासकारी भूकम्प र त्यसपछि पटकपटक आएका पराकम्पले एकातिर जिवीत संग्रहालयको हरूमा समेत चिनिने ऐतिहासिक महत्वका हस्तलिखित ग्रन्थहरू समेत भएका पुस्तकालय हरू ढले । खासगरी नेपालका ठूला/पुराना पुस्तकालयहरू केसर पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, त्रिवि केन्द्रीय पुस्तकालय, उग्र पुस्तकालय साँखु लगायतका पुस्तकालयहरू क्षतविक्षत गरेर पुस्तकालय क्षेत्रमा ठूलो चुनौति ल्याइदिएको छ भने अर्कातिर सोही चुनौतिले देशका सबै पुस्तकालयहरूलाई एक्काइसौ शताब्दीमा उपलब्ध सूचना तथा सञ्चार प्रविधिका सबै आयामहरूको उपयोग गरी पुस्तकालयलाई साँच्चिकै जीवनपर्यन्त शिक्षा हाँसिल गर्ने थलोको हरूमा विकास गर्न सक्ने सुवर्ण अवसर पनि ल्याइदिएको छ ।

उल्लिखित सर्न्दभमा तत्कालीन शिक्षा मन्त्री गिरिराजमणि पोखरेलज्यूले मुलुकभर रहेका सबै किसिमका पुस्तकालयहरूको पुनर्निर्माण, विकास एवम् विस्तार गर्नका लागि मेरो संयोजकत्वमा पुस्तकालय स्वचालीकरण तथा विद्युतिय पुस्तकालय सम्बन्धी कार्यदल गठन गर्नु भएको थियो । कार्यदलले विभिन्न बैठक, गोष्ठी, पत्राचार, छलफल तथा अवलोकन भ्रमण र विभिन्न मुलुकका पुस्तकालय स्वचालीकरण तथा विद्युतीय पुस्तकालय व्यवस्थापन सम्बन्धी गरिएका अभ्यासको समेत अध्ययन गरी यो प्रतिवेदन तयार गरेको छ ।

प्रस्तुत प्रतिवेदन तयारीका शिलशिलामा विभिन्न कोणबाट सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरू, कार्यदलका सबै सदस्यहरू तथा शिक्षा मन्त्रालय योजना महाशाखाका तत्कालीन प्रमुख डा. लबदेव अवस्थीज्यू लगायत शिक्षा मन्त्रालय परिवारमा यस अवसरका लागि हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

इन्दिरा दली
संयोजक

## प्रतिवेदनको प्रस्तावित संरचना

१. पृष्ठभूमि

२. पुस्तकालय अभिलेख-व्यवस्थापन कार्यदलको गठन

३. पुस्तकालय अभिलेख-व्यवस्थापनको आवश्यकता

४. पुस्तकालय अभिलेख-व्यवस्थापनका उद्देश्य

५. प्रक्रिया

- बैठकहरू
- अवलोकन-भ्रमण
- सम्बन्धित साहित्यको पुनरावलोकन
- पुस्तकालय सर्वेक्षण
- पुस्तकालयविद्हरूको राय-सङ्कलन
- त्रिविकेपुसु विभागका विद्यार्थीहरूको रायसङ्कलन
- सरोकारवालहरूसँग छलफल-कार्यक्रम
- हालसालै सम्पन्न भएका विभिन्न गोष्ठी, सेमिनार तथा अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषण

६. सीमा

७. वर्तमान स्थिति

८. समस्या/चुनौतीहरू

९. सुझावहरू

१०. नीति

११. रणनीति

१२. कार्यनीति

१३. फोकल प्वाइन्टहरू/तिनको जिम्मेवारी

१४ परियोजनाहरू

# पुस्तकालय अभिलेख व्यवस्थापन

## १. पृष्ठभूमि

मानवसभ्यताको विकासक्रममा जङ्गली युगबाट यात्रा सुरु गरेको मानवसमाज क्रमशः ढुङ्गेयुग कृषियुग, औद्योगिक युग हुँदै आज सूचना तथा ज्ञानयुगमा प्रवेश हुन सफल भएको छ । अझ आजभोलिलाई त डिजिटलयुग भन्न थालिसकिएको छ । यसको श्रेय निश्चय नै विश्वव्यापी रूपमा तीव्र गतिमा विकास  तथा विस्तार हुँदै गइरहेको सूचना तथा सञ्चार प्रविधि/इन्टरनेट प्रविधिलाई छ । यिनै प्रविधिले आज विशाल विश्वलाई विश्वग्राममा परिणत गरिदिएका छन् । घरेलु कामकाजदेखि लिएर कृषि, उद्योग, बैंकिङ, व्यापार, शिक्षा, विज्ञान, स्वास्थ्य, यातायात, प्रशासन, व्यवस्थापन साहित्य, कला, सङ्गीत, मनोरञ्जन, खेल आदि समाजको कुनै यस्तो क्षेत्र छैन जहाँ यस प्रविधिले प्रभाव नपारेको होस् । इन्टरनेटको सुविधाले मान्छेको हात-हातमा नै अपार सूचना तथा ज्ञानको भण्डार पुगेको छ/यसले गर्दा उनीहरूको जीवनशैली, कार्यपद्धति, अध्ययन-अध्यापन, अनुसन्धान आदिमा आमूल परिर्वतन ल्याइदिएको छ/समय, श्रोत/ऊर्जाको ठूलो वचत गरिदिएको छ ।

पुस्तकालय ज्ञानको अथाह भण्डार हो । यसको काम नै विभिन्न प्रकारका सूचना तथा ज्ञानका सामग्रीहरू सङ्कल गरी तिनको यथोचित प्रशोधन, व्यवस्थापन, भण्डारण, सम्प्रेषण/संरक्षण गरेर बढीभन्दा बढी पाठकहरूलाई सेवा-सुविधा दिनु हो । अनि पुस्तकालय यस्तो गुणी सूचना तथा सञ्चार प्रविधिबाट कसरी अछुतो वा अलग बस्न सक्छ ? विश्वव्यापी रूपमा तीव्र गतिले विकास तथा विस्तार हुँदै गइरहेको सूचना तथा सञ्चार प्रविधिले पुस्तकालय तथा सूचनाविज्ञानको क्षेत्रमा ठूलो क्रान्ति नै ल्यादिएको छ । त्यसैले त आदिकालमा याने इ.पू.५५०० माटाका खबटा वा ट्याबलेटको रूपमा जन्मेको पुस्तकालय क्रमशः विभिन्न रूप फेर्दै आजको स्थितिमा आइपुगेको छ । पपाइरस पुस्तकालय, पार्चमेण्ट पुस्तकालय हुँदै सन् १०५ मा कागज/मसीको आविष्कार भएपछि हस्तलिखित ग्रन्थहरूको पुस्तकालय, चौधौ शताब्दीको मध्यतिर जर्मनमा जोहान्स गुटेनबर्गले छापाखानाको आविष्कार गरेपछि विश्वभर फैलँदै छापिएका पुस्तकहरूको पुस्तकालय हुँदै २० सौं शताब्दीको अन्त्यतिर आएर आइक्रोफिल्म, माइक्रोफिस, अडियो क्यासेट, अडियो भिडियो क्यासेट जस्ता विभिन्न विद्युतीय सूचना तथा ज्ञानका सामग्रीहरूको विकासले गर्दा विद्युतीय पुस्तकालयका रूपमा विकास भयो । अझ १९८० को दशकदेखि डिजिटल प्रविधिको विकासले सि.डि.रोम/१९९० को दशकदेखि डि.भि.डि रोमजस्ता अति सघन माध्यम वा सामग्रीहरूको आविष्कारले विद्युतीय पुस्तकालयलाई पनि उछिनेर डिजिटल पुस्तकालयको विकास हुन पुग्यो । यसरी १९८० को दशकदेखि इन्टरनेट प्रविधिले पुस्तकालय क्षेत्रमा ठूलो हलचल ल्याइदियो । डिजिटल पुस्तकालयको सेवासुविधा-प्रवाहमा आममानिसहरूलाई स्थानीय/राष्ट्रिय मात्र नभई अर्न्तराष्ट्रिय स्तरमै सरल पहुँच पुऱ्याइदिएर ठूलो क्रान्ति आयो । संसारको एक कुनामा बसेर अर्को कुनाका पुस्तकालयमा के कति

सूचना/ज्ञानसामग्रीहरू छन् भनेर तत्कालै थाहा पाउन/प्रयोग गर्न हातमा भएको सानो मोबाइलसेटले सक्षम पारिदियो । त्यसैले आज यस डिजिटल पुस्तकालयलाई अझ नयाँ,नयाँ नामले सम्बोधन गर्न थालियो । जस्तैः अमूर्त पुस्तकालय (Virtual Library) कागजबिनाको पुस्तकालय, भित्ताबिनाको पुस्तालय, मोबाइल पुस्तकालय आदि । यसरी नै सूचना तथा सञ्चार प्रविधिको विकास हुँदै जाने हो भने भोलिको पुस्तकालयको स्वरूप कस्तो हुने हो अनुमान गर्न समेत गाह्रो छ ।

पुस्तकालयले जे जस्तो रूप वा नाम फेरे पनि यसको मुख्य काम आवश्यक सूचना तथा ज्ञान सामग्रीहरू सङ्कलन, प्रशोधन, विश्लेषण, व्यवस्थापन, भण्डारण, सम्प्रेषण/संरक्षण तथा सम्बर्द्धन गरी पाठकहरूलाई प्रभावकारी/सन्तोषजनक सेवा-सुविधा प्रदान गर्नु हो । तर पहिले परम्परागत पुस्तकालयमा सबै काम पुस्तकालयकर्मीहरूले थुप्रै समय, शक्ति/श्रोत खर्च गरेर गर्नुपर्ने हुन्थ्यो भने अहिले कम्प्युटर तथा अन्य आवश्यक उपकरण -आवश्यक उपयुक्त सफ्टवेयरहरू- प्रयोग गरी सबै काम छिटो/छरितो रूपमा/दुरूस्त गर्न कम समय, शक्ति/श्रोत लगाएर गर्न सकिन्छ । साथै पाठकहरूले आफूले चाहेको सूचनासामग्रीहरू आफ्नो पुस्तकालयबाट मात्र नभएर संसारभरिका विभिन्न पुस्तकालयको डाटाबेसबाट सजिलै छिटो/छरितोसँग खोज्न/उपयोग गर्न सक्छन् । त्यसैले आज विश्वका विकसित/अविकसित देशका प्रायः सवैजसो पुस्तकालयहरू आफूलाई डिजिटल पुस्तकालयमा परिणत गर्ने होडमा लागिपरेका छन् । यसको परिणामस्वरूप आज विभिन्न खालका ठूल्ठूला डिजिटल पुस्तकालयहरू विकसित भएका छन् । जस्तैः

- Online World Digital Library (WWW.Wdl.oog) 2009
- Universal Digital Library
- Proojict Gutenberg
- EIRIC Worlds Largert Library of digital education
- Mtermet Public Library
- Intermetional Childrens Digital Library
- The Europeam Library
- National Library of Awstralia
- First Paperless public Library is in Bexar County, Texas.

हाम्रा छिमेकी देशहरूले डिजिटल पुस्तकालय विकास गर्न सरकारी स्तरमा आवश्यक ऐन, कानून नियम, नीति, कार्यविधि, निर्देशिका आदि तर्जुमा गरेर विभिन्न निकायहरू गठन गरी आवश्यक पूर्वाधारहरू विकास गरेर विभिन्न क्षेत्र तथा विषयहरूका डिजिटल पुस्तकालय विकास तथा विस्तार गरिरहेका छन् । भारतले सन् १९९० को दशकको मध्यदेखि नै यो कार्य सुरु गरेको पाइन्छ । जस्तैः-

१. Digital Library of Indian Heritahe and Indian Art Preseration Research Project.

२. Digital Library of India

३. Million Books to the Web Project

त्यस्तै चीनले पनि सन् १९९५ को सुरूमै चीनको राष्ट्रिय पुस्तकालयलाई डिजिटाइजेशन गरेर विश्व डिजिटल पुस्तकालय जगत्मा प्रवेश गरिसकेको छ र विभिन्न चरणका परियोजनाहरू बनाई विभिन्न कार्यहरू गरेको पाइन्छ । जस्तैः

१. Chimere Experimental Dijital Library Projct 1196
२. The Digital Library System of Netional Library of China 1999
३. Stratehic Rerearch on Chinese Digital Library Deoelopment 1999
४. Tringhua Uniuerrity Digital Library of Architecture 2001
५. National Digital Library mplementalion Project 2001 आदि

नेपालको परिप्रेक्ष्यमा हेर्दा अभिव्यक्ति स्वतन्त्रता/सूचनाको अधिकारलाई नेपालको संविधान २०६३ वा २०७२ को प्रत्याभूति गरेको छ । तर सूचना तथा ज्ञानको भण्डार मानिने यहाँका विभिन्न पुस्तकालयहरूको अवस्था भने यसमा सन्तोषजनक छैन, चिन्ताजनक छ । देशकै सबभन्दा ठूलो/स्रोत साधनले युक्त त्रि.वि.केन्द्रीय पुस्तकालय समेत डिजिटाइजेसन कार्यमा चाहिँ निकै कमजोर स्थितिमा देखिन्छ ।

त्यस्तै नेपाल राष्ट्रिय पुस्तकालय तथा सरकारको स्वामित्वमा रहेको केसर पुस्तकालय तथा डिल्लिरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयहरूको पनि यस क्षेत्रमा कमजोर नै छन् । अरु पुस्तकालयहरूको स्थिति अझ नाजुक छ । त्यसमाथि गएको २०७२ सालको बैशाख १२ गतेको विकाशकारी भूकम्पले ठूलो नकारात्मक प्रभाव पारेको छ । अन्य क्षेत्रमा झैं धनजनको क्षति मात्र होइन यसले सभ्यता/सांस्कृतिक सम्पदाले सम्पन्न पुस्तकालयका साथै ऐतिहासिक, सांस्कृतिक सामग्रीका संस्थाहरूको तहस-नहस पारी ठूलो क्षति पुऱ्याएको छ । नेपाल राष्ट्रिय पुस्तकालय, त्रि.वि. केन्द्रिय पुस्तकालय, केसर पुस्तकालय, मदन पुरस्कार पुस्तकालय जस्ता देशका प्रमुख पुस्तकालयहरू मात्र होइन अन्य थुप्रै सार्वजनिक तथा अन्य पुस्तकालयहरूको भौतिक संरचना मात्र नभएर कतिपय पुस्तकालयहरूको अमूल्य बौद्धिक तथा सांस्कृतिक सम्पदा नै ध्वस्त पारिदिएको छ ।

यसरी एकातिर सरल रूपमा प्राप्त सूचना तथा सञ्चार प्रविधिको बढीभन्दा बढी प्रयोग गरेर पुस्तकालय डिजिटाइजेसन/स्वचालीकरण गरी अन्य देशका पुस्तकालयहरू धेरै अगाडि बढिसक्दा नेपालका पुस्तकालय तथा सूचना व्यवस्थापनसँग सम्बन्धित ठोस ऐन कानून, नियम, निर्देशिका, नीतिहरू पर्याप्त मात्रामा निर्माण भएका छैनन् भने अर्कोतिर भएका प्रावधानहरूको प्रभावकारी कार्यान्वयन नहुँदा नेपालका प्रायजसो पुस्तकालयहरू धेरै पछाडि परिरहेका छन् ।

२०७२ सालको बैशाख १२ गतेको विनासकारी भूकम्प/त्यसपछि पटकपटक आएका पराकम्पले पुऱ्याएको नोक्सानले गर्दा मुलकुका करिब ३१ जिल्ला प्रभावित भए । करिब ८००० जनाको ज्यान गयो भने करिब २२००० जना घाइते भए । ऐतिहासिक/पुरातात्विक महत्वका सम्पदाहरू मात्र

ढलेनन् विद्यादलय, महाविद्यालय, लगायतका धेरै भौतिक संरचनाहरू क्षतिग्रस्त भए । साथसाथै जिवीत संग्रहालयको हरूमा समेत चिनिने ऐतिहासिक महत्वका हस्तलिखित ग्रन्थहरू समेत भएका पुस्तकालय हरू ढले । खासगरी नेपालका ठूला/पुराना पुस्तकालयहरू केसर पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, त्रिवि केन्द्रीय पुस्तकालय, उग्र पुस्तकालय साँखु लगायतका पुस्तकालयहरू क्षतविक्षत भए ।

तत्कालीन शिक्षा मन्त्री गिरिराजमणि पोखरेलज्यूलाई भूकम्पले क्षतविक्षत भएका पुस्तकालयहरूको बारेमा अवगत गराउदा तत्कालै रुची लिएर नेपाल राष्ट्रिय पुस्तकालय, केसर पुस्तकालय/डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको अवलोकन भ्रमण गर्नु भयो । भ्रमण पछि उल्लिखित तीनओटा पुस्तकालयहरू मात्र नभई मुलुकभर रहेका सबै किसिमका पुस्तकालयहरूको पुनर्निर्माण, विकास एवम् विस्तार गर्ने दायित्व शिक्षा मन्त्रालयको भएकोले सूचना तथा सञ्चार प्रविधिले ल्याएका सबै खालका आयामहरूको समेत प्रयोग गर्दै समग्र पुस्तकालय विकास तथा आधुनिकीकरणका लागि उपयोगी हुने गरी नीति निर्माण गर्ने सोच राखेर मन्त्रालयले विभिन्न कार्यदलको गठन गर्ने आशय ब्यक्त गर्नुभएको थियो । माननीय मन्त्रीज्यूको निर्णय अनुसार विसं. २०७२ साल फागुन ३० गते पुस्तकालय स्वचालीकरण तथा विद्युतिय पुस्तकालय सम्बन्धी कार्यदल समिति गठन भएको थियो ।

## २. पुस्तकालय स्वचालीकरण तथा विद्युतिय पुस्तकालयसम्बन्धी अध्ययन गरी प्रतिवेदन पेस गर्न कार्यदल गठन

नेपाल सरकारका माननीय शिक्षा मन्त्रीस्तरको मिति २०७२ साल फागुन ३० गतेको निर्णयअनुसार त्रिभुवन विश्वविद्यालयका भूतपूर्व सहलाइब्रेरियन श्रीमती इन्दिरा दलीको संयोजकत्वमा छ सदस्यीय पुस्तकालय अभिलेख-निर्माण कार्यदलको गठन भएको छ । यसका अन्य सदस्यहरूमा नेपाल राष्ट्रिय पुस्तकालयका प्रमुख यादवचन्द्र निरौला, नेपाल सैनिक चिकित्सा राष्ट्रिय प्रतिष्ठानका पुस्तकालयका प्रमुख ललित बिष्ट, सोसल साइन्स बहाःका पुस्तकायका प्रमुख श्री जगदीश अर्याल, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का पुस्तकालय अधिकृत चन्द्र भूषण यादव हुनुहुन्छ । पुस्तकालय समन्वय तथा शैक्षिक प्रलेखन केन्द्रका उपसचिव उपेन्द्रप्रसाद मैनाली यसको सदस्य सचिव रहनु भएको छ । कार्यदललाई पुस्तकालयको कार्यप्रकृति/किसिमका आधारमा पुस्तकालय स्वचालीकरण तथा विद्युतीय पुस्तकालय व्यवस्थापनसम्बन्धी सफ्टवेयरको पहिचान, पुस्तकालय तथा सूचना व्यवस्थापनसँग सम्बद्ध जनशक्तिको पेसागत दक्षताको विकासका लागि उपयुक्त तालिम नीतिको व्यवस्था तथा विभिन्न पुस्तकालयका बीच सूचना आदान-प्रदानमा सहजीकरण गर्नका लागि साझा मापदण्डको समेत निर्धारण गर्ने जिम्मेवारी प्राप्त भएको छ ।

## कार्यदललाई दिएको कार्यजिम्मेवारी

१. गुणस्तरीय शिक्षा तथा पुस्तकालय क्षेत्रको विकास गर्न देहाय बमोजिमको क्षेत्राधिकार तोकिएको छः

- क. तोकिएको डाटा सेन्टरहरूमा हब तथा उपकरण रहने स्थान छनोट, आवश्यक उपकरणको सिफारिस गर्ने,
- ख. डाटा होस्टिङ गर्ने विषय निर्धारण गर्ने,
- ग. शिक्षा मन्त्रालयमा रहने केन्द्रीय सर्भर प्रणाली सम्बन्धमा अधिनियम तर्जुमा गर्ने,
- घ. लाइब्रेरी पोर्टल निर्माण/इन्टर लिङ्केजसम्बन्धी व्यवस्था गर्ने,
- ङ. डाटा सेन्टर निर्माण गर्न अवधि किटान एवम् सोको व्यवस्थापन गर्न सम्पर्क गर्नुपर्ने फोकल व्यक्ति तोक्ने,
- च. सफ्टवेयर निर्माण, इन्स्टलेसन, सञ्चालन-तरिका, पुस्तक तथा जर्नलहरूको classification, catalogue, and full text एकरूपताका लागि डाटा इन्ट्रीको नमूना (Scanning and uploading process) का बारेमा अभ्याससमेत गराउन तालिम सञ्चालन गर्न, तालिम दिनसक्ने संस्था वा व्यक्तिको सिफारिस गर्न, कार्यसम्पन्न गर्ने कार्यतालिका निर्माण गर्न, प्राविधिक जनशक्ति उत्पादन गर्न तालिमसहित सबै डाटा सेन्टरहरूमा खटाउने/उक्त डाटा सेन्टरबाट शिक्षा मन्त्रालयको समन्वय/सहयोगमा आवश्यक जनशक्ति सहित सम्बन्धित निकायमा परिचालन गरी अभिलेख-व्यवस्थापन गर्न लाग्ने समयावधि, लाग्ने लागत/जनशक्ति अनुमान समेत गर्ने ।
- छ. अभिलेख-व्यवस्थापनको उद्देश्य, नीति, रणनीति/कार्यनीति सिफारिश गर्ने ।

**डाटा सेन्टर रहने निकायहरूः** सरकारी पुस्तकालयको नेपाल राष्ट्रिय पुस्तकालय, विश्वविद्यालयको डाटा सेन्टर त्रिवि केन्द्रीय पुस्तकालय, विद्यालयस्तरको पुस्तकालयको डाटा सेन्टर शैक्षिक जनशक्ति विकास केन्द्र, चिकित्सा पुस्तकालयहरूको नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, इन्जिनियरिङ पुस्तकालयहरूको इन्जिनियरिङ पुस्तकालय पुल्चोक, फरेष्ट्री क्याम्पस हेटौंडा, कृषि क्याम्पस रामपुर चितवन, निजी क्षेत्रहरूको डा. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय लाजिम्पाट, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैसस पुस्तकालयहरूको मार्टिन चौतारी, थापाथली, कानून पुस्तकालको सर्वोच्च अदालतको पुस्तकालय रामशाह पथ, सामुदायिक क्षेत्रको पुस्तकालयहरूको केसर पुस्तकालय केसरमहल ।

कार्यदलले नियुक्त भएको मितिले तीन महिनाभित्र आफ्नो कार्यसम्पन्न गरी शिक्षा मन्त्रालयमा बुझाई सक्नुपर्नेछ ।

## ३. पुस्तकालय अभिलेख व्यवस्थापनको आवश्यक्ता

स्थानीय तह/निकायहरूमा अनिवार्य रूपमा पुस्तकालय तथा वाचनालयको स्थापना, विकास, सञ्चालन/सुदृढीकरण गर्ने व्यवस्था मिलाई पुस्तकालयको नियमित सञ्चालन तथा समग्र पठनसंस्कृतिको विकास गर्नका लागि, स्थानीय तह, निकाय, सरकारी, शैक्षिक, निजी, तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाद्वारा स्थापित तथा सञ्चालित पुस्तकालयका लागि नियमित रूपमा निश्चित प्रतिशत बजेट-व्यवस्थाको प्रबन्ध मिलाउनका लागि, पुस्तकालयलाई आकर्षित थलोको हरूमा विकास गरी सबै किसिमका पाठकहरूको ध्यान पुस्तकालय प्रति आकर्षण गर्न पुस्तकालय अभिलेख व्यवस्थाको आवश्यकता पर्दछ । पुस्तकालयलाई क्रमशः आधुनिक प्रविधियुक्त विद्युतीय पुस्तक/अनलाइन पुस्तकका बारेमा अहिलेको युवा पिँढीमा आकर्षण बढिरहेको छ/यसप्रति जनचाहना पनि बढ्दो छ । यसलाई समुचित रूपले सम्बोधन गर्न पनि पुस्तकालय अभिलेख-व्यवस्थापन गर्न अपरिहार्य भएको छ । पुस्तकालयको उपयोग गर्ने राम्रो/उचित वातावरण सिर्जना गर्नका लागि अबको पुस्तकालय-व्यवस्था बौद्धिक, सिर्जनात्मक, मनोरञ्जनात्मक/व्यावसायिक बहुद्देश्यप्रति लक्ष्यित हुन आवश्यक छ/यसलाई संस्थागत रूप दिनु जरुरी छ । पुस्तकालयलाई नैतिक शिक्षा, वातावरण शिक्षा, इतिहास, भूगोल, कला साहित्यजस्ता विषयका बारेमा अन्तरक्रिया कार्यक्रमहरूसँग जोडेर पनि यसको लोकप्रियता बढाउने व्यवस्था मिलाई सबै तप्काका पुस्तकालयलाई मुलुकमा विद्यमान अशिक्षा/कुरीतिहरू निमिट्यान्न पारी सभ्य, समृद्ध/अनुशासित समाजको सिर्जना गरी देशविकासमा अग्रगामी दिशामा डोऱ्याउन यस क्षेत्रको योगदान आवश्यक छ । पुस्तकालयको व्यवस्थापन स्थानीय तहदेखि नै सूचनाविज्ञान/प्रविधिसम्बन्धी आधारभूत तथा पुनर्ताजगी तालिमको व्यवस्था गरी मुलुकमा अध्ययन/अध्यापनको व्यवस्था मिलाइने राष्ट्रिय अभिभारा पूरा गर्न यस क्षत्रको योगदान आवश्यक छ ।

## ४. पुस्तकालय अभिलेख व्यवस्थापनको उद्देश्य

### ४.१. विद्युतीय पुस्तकालय विकास तथा पुस्तकालय स्वचालीकरणको दीर्घकालीन उद्देश्य

त्रिवर्षीय अन्तरिम योजनामा सबै तहको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षण सिकाइको क्रियाकलापमा पुनरावलोकन गरी समसामयिक परिवर्तन गर्ने, गुणस्तरीय पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा विद्यार्थीहरूको पहुँच अभिबृद्धि गर्न, शिक्षण संस्था, राष्ट्रिय पुस्तकनीतिको आधारमा उत्पादन भएका गुणस्तरीय पुस्तकहरूको संरक्षण एवं प्रवर्द्धन गरी पाठक समक्ष पुऱ्याउन, मूल पुस्तक, सन्दर्भ पुस्तकहरूको स्वअध्ययनमा जोड, समुदायमा आधारित पुस्तकहरूको स्वदेशमा विकास, विस्तार/उत्पादन भएका पुस्तक तथा अध्ययन सामग्रीहरू/विदेशबाट उत्पादित सामग्री समेत पुस्तकालयमा खरिद गरी अध्ययन तथा अध्यापन कार्यमा सहजताको लागि पुस्तकालयमा कार्यरत जनशक्तिबाट कम्प्युटरमा राखिएका पुस्तकहरूको अनलाइन वर्गीकरण, सूचीकरण/यसको सम्पूर्ण पृष्ठहरू (Full Text), नेपालको संविधानमा उल्लेखित शिक्षासम्वन्धी हक,

मानवअधिकारको प्रत्याभूति, सर्वसाधारण जनत्ताको पहुँच/नागरिकमुखी शिक्षाको विकासको लागि अध्ययन मात्र  गर्न सकिने नन् प्रिन्टेबल, नन्कपिड एण्ड सेन्डिङ्ग फर्ममा त्यस्ता सामग्रीमा सरल इन्टरनेटमा पहुँच स्थापित गरी सोको स्वअध्ययनबाट पाठकवर्गको क्षमताविस्तार/सम्वन्धित शिक्षण संस्थाहरूको समेत कार्य सक्षमता अभिबृद्धि गर्ने हिसाबले पुस्तकालयको अभिलेख-व्यवस्थापन (Library Record Management) पुस्तकालय सफ्टवयर प्रयोग गरी मुखुकभित्र विद्युतीय पुस्तकालयको विकास गरी सञ्जालीकरण गर्न, इ-पुस्तकालय सञ्चालन, इ-बुक्स, इ-जर्नल/इ-पत्रपत्रिकाको सरल पहुँच स्थापित गर्नु, E-Book तथा E-Journal खरिद कार्य, व्यवस्थापन तथा सञ्चालन समेत गर्न केन्द्रीय पोर्टल निर्माण गर्नु विद्युतीय पुस्तकालयको प्रमुख राष्ट्रिय दीर्घकालीन उद्देश्य हुनेछ ।

## ४.२ राष्ट्रिय उद्देश्य

४.२.१ अभिलेख-व्यवस्थापन (Library Record Management) गर्न स्वचालीकरणको उपयोग गरी सफ्टवेयर प्रविधि उपयोगको माध्यमबाट सबै पुस्तकालयहरूका  अभिलेख-व्यवस्थापन अनलाइनमा गर्ने, अध्ययनसामग्रीमा विपन्न वर्ग तथा सर्वसाधारण जनताको सरल पहुँच स्थापित गर्नु ।

४.२.२ विभिन्न स्तरका शिक्षण संस्थाहरू तथा पुस्तकालयहरूको पुस्तक खरिद नीतिमा एकरूपता कायम गर्नु ।

४.२.३ समाजका सवै वर्ग, जातजाति, भाषाभाषी, लिङ्ग, धर्म, सम्प्रदाय एवं विशेष क्षमता भएकाहरूका लागि पठन सामग्रीको सुनिश्चितता प्रदान गर्नु ।

४.२.४ पुस्तकालय उपयोगलाई प्रविधि तथा पाठकमैत्री तुल्याई फुर्सदको जुनसुकै समयमा पढ्ने बानीको विकास गर्नु ।

४.२.५ प्रविधिमैत्री अभिलेख-व्यवस्थापन क्षेत्रमा ज्ञान, सीप, क्षमता विकास गरी अनुभव आदानप्रदान गर्न सक्ने अवस्थाको सिर्जना गर्नु ।

४.२.६ पुस्तकालयविज्ञान तथा सूचना-व्यवस्थापनका क्षेत्रमा सरकारी क्षेत्रको संलग्नता बढाउनु ।

४.२.७ पुस्तकालयहरूको राष्ट्रब्यापी सञ्जालनिर्माण गर्न पुस्तकालयको अलग्गै पोर्टल खडा गरी विभिन्न पुस्तकालयहरूका बारेमा जानकारी गराई सोही पोर्टल मार्फत् पाठक सहभागिता व्यापक बनाई पढ्ने बानीको विकास गर्नु ।

## ५. प्रक्रिया

नेपाल सरकार, शिक्षा मन्त्रालयको २०७३ साल चैत ७ गतेको पत्र पाएपछि सो पत्रको कार्यादेशमा उल्लिखित कार्यहरू सम्पादन गर्न यस कार्यदलले निम्न विधिहरू अपनाएको छः

५.१. पुस्तकालय अभिलेख-व्यवस्थापनका विभिन्न पक्षबारे छलफल गर्न जम्मा १० पटक विभिन्न स्थानमा पूर्ण बैठक वा औपचारिक बैठक बसेको छ। (अनुसूची १)

५.२. सोही कार्यका लागि खासगरी प्रतिवेदन तयार पार्न, टाइप गर्न, प्रिन्ट गर्न नेपाल राष्ट्रिय पुस्तकालयमा धेरै पटक अनौपचारिक बैठक पनि बसेको छ।

५.३. कार्यादेशमा उल्लेख भएका दसवटा डाटा सेन्टरहरूका बारेमा अन्तिम निर्णय गर्नुअघि त्यस्ता थुप्रै डाटा सेन्टरहरू निर्माण गर्ने कि एउटै केन्द्रिय वा राष्ट्रिय डाटा सेन्टर निर्माण गर्ने भन्ने बारेमा निर्णय गर्नअघि २०७२।१२। २४ का दिन यस कार्यदलका संयोजक श्री इन्दिरा दली तथा सदस्य श्री यादवचन्द्र निरौलाद्वारा सिंहदरबार स्थित राष्ट्रिय सूचना प्रविधि केन्द्र (National Technology Center (NITC) को अवलोकन, अध्ययन भ्रमणमा गई त्यहाँका सम्बन्धित प्राविधिक कर्मचारीबाट सो केन्द्रका सम्बन्धमा विस्तृत जानकारी लिएको।

५.४. विभिन्न किसिमका पुस्तकालयहरूको तथा सम्बन्धित केन्द्रको अध्ययन, अवलोकन-भ्रमण गरेको। (अनुसूची २)

५.५. केही औपचारिक बैठकहरूमा वरिष्ठ विषय विशेषज्ञ (सूचना तथा सञ्चार प्रविधि तथा पुस्तकालय विज्ञान)लाई बोलाएर राय-सुझावहरू सङ्कलन गरेको। (अनुसूची ३)

५.६. पुस्तकालयहरूको सर्वेक्षण गर्नका लागि प्रश्नावली डिजाइन/विकास गरी email बाट काठमाडौं उपत्यकाभित्र तथा बाहिरका पुस्तकालयहरूमा वितरण गरी भरेर पठाएका प्रश्नावलीहरू सङ्कलन गरी तिनको विश्लेषण गरेको। (अनुसूची ४)

५.७. त्रि.वि.पुस्तकालय तथा सूचनाविज्ञान केन्द्रिय विभागमा अध्ययनरत विद्यार्थीहरूको विचार, राय, तथा सुझाव सङ्कलन गर्न प्रश्नावलीको डिजाइन तथा विकास गरी छापेर विभागमै गई प्रश्नावली वितरण गरेर पछि तिनलाई सङ्कलन गरी तिनको विश्लेषण गरेको। (अनुसूची ५)

५.८. केही वरिष्ठ पुस्तकालयविद्हरू, विषय विशेषज्ञहरू, पुस्तकालय प्रयोगकर्ताहरू, नियमित पाठकहरू, पुस्तकालयप्रेमीहरू आदिसँग प्रत्यक्ष भेटेरै वा फोनबाट विविध विषयबारे राय, सल्लाह/सुझाव सङ्कलन गरेको। (अनुसूची ६)

५.९. पुस्तकालय तथा सूचनाविज्ञानसम्बन्धी पुस्तक, पत्रपत्रिका, लेख-रचनाहरू/गोष्ठी/परियोजना आदिका प्रतिवेदनहरूको अध्ययन/समीक्षा गरेको। अनुसूची ८, Bibliography)

५.१०. इन्टरनेटबाट डाउनलोड गरी विभिन्न छिमेकी मुलुकहरू तथा अन्य विकसित तथा विकासशील देशका पुस्तकालय स्वचालीकरण/डिजिटाइजेसन सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक ज्ञान/परियोजना तथा कार्यक्रमहरू बारेका लेख-रचना, प्रतिवेदन आदिको अध्ययन गरेको। (अनुसूची ९)

५.११. यस कार्यदलले प्रारम्भिक मसौदा तयार गरिसकेपछि अन्य सरोकारवालाहरू, विषय विशेषज्ञहरू, सूचना तथा सञ्चार प्रविधिमा कार्यरत प्राविधिकहरू आदिको आम धारणा, राय-सल्लाह, सुझाव सङ्कलन गर्ने उद्देश्यले २०७३।४। २० का दिन डिल्लीरमण तथा कल्याणी रेग्मी स्मारक पुस्तकालयमा एउटा छलफल कार्यक्रम सञ्चालन गरेको। (अनुसूची १०, सहभागीहरूको नामावली)

५.१२. २०७३।४।२० का दिन भएको कार्यक्रममा विशेष कारणवश आउन नपाएका अन्य विशेष विषय विशेषज्ञहरू तथा सरोकारवाला पुस्तकालयमा कार्यरत कर्मचारी तथा पुस्तकालयाध्यक्षहरूको अनुरोधमा २०७३।४।२८ मा फेरि अर्को पटक नेपाल राष्ट्रिय पुस्तकालयमा छलफल कार्यक्रम सञ्चालन गरेको । (अनुसूची ११, सहभागीहरूको नामावली)

५.१३. हालसालै सञ्चालन भएका विभिन्न गोष्ठी सेमीनार तथा अन्तरक्रियाबाट पृष्ठपोषण प्राप्त गरेको ।

## ६. सीमा

कार्यदललाई प्राप्त कार्यादेश अनुसारको कार्यसम्पादन गर्नका लागि सचिवालय, कर्मचारी तथा स्टेशनरी लगायतका भौतिक साधनको अभावमा कार्य सम्पादन गर्न कठिनाइ भयो । विभिन्न सरोकारवालाका लागि तयार पारिएका प्रश्नावलीहरू समयमै व्यापक हरूमा वितरण गरी पृष्ठपोषण प्राप्त गर्न सकिएन । कार्यदलका संयोजक तथा सदस्यहरूको व्यक्तिगत पहलमा विभिन्न स्थानमा गएर राय संकलन गरिएकोले प्रतिवेदनमा सीमित व्यक्तिहरूको मात्र सहभागिता रहेको छ ।

## ७. वर्तमान स्थिति

## ७.१. पुस्तकालय स्वचालीकरणको ऐतिहासिक पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधिको विकासले संसारलाई नै सानो गाउँका रूपमा परिणत गरिसकेको छ । आज यस्तो क्षेत्र छैन जहाँ सूचना तथा सञ्चार प्रविधिको विकास नभएको होस् । आम समुदायलाई अद्यावधिक पुस्तकालय तथा सूचना सेवा प्रदान गर्नुपर्ने पुस्तकालयहरूले समेत यस अवसरको उपयोग गर्न थालेको पनि लामो समय भइसकेको छ ।

खास गरी सन् १९७० को दशकमै पुस्तकालयमा भएका कार्ड क्याटलगहरूको सट्टा कम्प्युटराइज्ड डाटावेसको प्रयोग गरी पुस्तकालयमा रहेका पठन सामग्रीहरू खोज्ने, त्यसरी खोजिएका सामग्रीहरूलाई आफ्नो इच्छाअनुसार प्रिन्ट गर्ने, कम्प्युटरमा सेभ गर्ने जस्ता कामहरू हुन थालेको पाइन्छ । सन् १९७१ मा पहिलो पटक OCLC का Fedrick F. Kilorger ले ओहियो क्षेत्रका ५७ ओटा शैक्षिक संस्थाहरूमा Cooperative Cataloguing को थालनी गरेर यसको सुरुआत गरेका थिए । यो सञ्जाल सन् १९७६ सम्म आइपुग्दा अमेरिकाका १७०० भन्दा बढी शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रहरूले प्रयोग गर्न थाले ।

सन् ८० को दशकमा युनेस्कोले Computerized Documentation System Integrated Set of Information Services (CDS/ISIS) को डस भर्सन विकास गरेर विकासशील मुलुकहरूलाई निःशुल्क

रूपमा वितरण गर्‍यो । हरेक मुलुकका लागि एउटा राष्ट्रिय वितरक तोकेर मुलुकभरका पुस्तकालयलाई वितरण गर्ने, यस क्षेत्रमा काम गर्ने जनशक्तिलाई तालिम दिलाएको पाइन्छ ।

सन् १९९० को दशकमा माइक्रोसफ्ट कर्पोरेसनले कम्प्युटर सञ्चालन गर्नका लागि Windows version को विकास गरेपछि सो भर्सनसँग कम्प्याटिबल हुने गरी CDS/ISIS को Windows Version को विकास गऱ्यो । सन् २००० को दशकमा पुस्तकालयसँग सम्बन्धित विभिन्न Integrated Library Automation System हरूको विकास भएको देखिन्छ ।

सूचना तथा सञ्चार प्रविधिको तीव्रतर विकासका कारण युनेस्कोले सूचना तथा सञ्चार क्षेत्रको विकास/विस्तार भन्दा अन्य क्षेत्रलाई प्राथमिकतामा राखेपछि सन् २००३ पछि WIN/ISIS को विकास/अद्यावधिक गर्न छोडिदियो । सन् २००३ मै सन् २००० पछि निजी क्षेत्र तथा निःशुल्क रूपमा विकास भएका पुस्तकालयसम्बन्धी विभिन्न सफ्टवेयरहरूको विकास/विस्तारपछि युनेस्कोले यस क्षेत्रमा आफ्नो चासो कम गर्दै लग्यो । सन् २००३ मा WIN/ISIS १.५ को विन्डोज भर्सन विकासपछि यो सफ्टवेयरको विकासमा युनेस्कोले कुनै चासो देखाएको पाइँदैन । Open Source Integrated Library System को विकास भएपछि पुस्तकालय व्यवस्थापन वा पुस्तकालय स्वचालीकरण (Library Automation) सम्बन्धी सफ्टवेयरहरू जस्तो MicroLCS, Emilda, Evergreen, FireFly, GNUTeca, Avanti, Koha, OpenBiblio, PhpMyLibrary, PMB, PYTHEAS, WEBLIS, ABCD लगायतका विभिन्न सफ्वेयरहरको विकास भएको पाइन्छ ।

## ७.२. नेपालको वर्तमान स्थिति

आधुनिक सूचना तथा सञ्चार प्रविधि खासगरी डिजिटल प्रविधि तथा इन्टरनेट प्रविधि प्रयोग गरी नेपालभरिका पुस्तकालयहरूको अभिलेख-व्यवस्थापन गरी डिजिटल युगमा प्रवेश गर्नका लागि आवश्यक नीति, नियम, रणनीति, कार्यनीति तर्जुमा गर्न निश्चय नै देशभरि विद्यमान पुस्तकालयहरूको वर्तमान स्थितिलाई झल्काउने वृहत् तथ्य-तथ्याङ्क अति आवश्यक हुन्छ । तर हामीसित बीसौं वर्षअघि (सन् १९९७) नेपाल पुस्तकालय सङ्घले गरेको सर्वेक्षणबाहेक अर्को कुनै सर्वेक्षण भएको छैन । त्यसैले हाल यहाँ के, कस्ता, कतिवटा पुस्तकालयहरू कुन अवस्थामा छन् भनेर यकिनका साथ भन्न सकिने स्थिति छैन । तथापि विभिन्न सरकारी तथा गैरसरकारी सूचनास्रोतहरूको आधारमा हाल नेपालमा करिब ४१,८७२ वटा पुस्तकालय छन् भनेर अनुमानसम्म गर्न सकिन्छ । यसमा विश्वविद्यालय तथा क्याम्पस पुस्तकालयहरू ११७२, विद्यालय पुस्तकालयहरू करिब ३७०००, सरकारी पुस्तकालयहरू करिब २००, सार्वजनिक/सामुदायिक पुस्तकालयहरू करिब १५००/अन्य गै.स.स./अ.गै.स.स. तथा निजी क्षेत्रका पुस्तकालयहरू करिब २००० जति छन् । शैक्षिक पुस्तकालयहरूमध्ये अर्थात् ३७००० विद्यालय पुस्तकालयहरूमध्ये रूम टु रीडले ३८०० विद्यालय पुस्तकालयहरू/मनराम प्रतिष्ठानले ७५ जिल्लामा ७५ वटा/सङ्खुवासभा जिल्लामा ५९ वटा गरी जम्मा १३४ वटा विद्यालय पुस्तकालयहरू स्थापना गरिदिएको छ । त्यस्तै करिब १५००

सार्वजनिक/सामुदायिक पुस्तकालयमध्ये रिड नेपालले ४१ वटा जिल्लामा ७५ वटा सामुदायिक पुस्तकालयहरू खोलिदिनुका साथै तिनको दिगो विकासका लागि विभिन्न किसिमका आयआर्जनका उपायहरूका बारेमा समेत तालिम दिएको छ ।

त्यसै गरी नेपालमा आजसम्म के कति स्तरमा पुस्तकालयकर्मीहरू छन् भनेर पनि यकिन गर्न सकिने स्थिति छैन । किनभने आजसम्म पनि यस बारेमा वृहत् सर्वेक्षण कसैले पनि गरेको छैन । विभिन्न पुस्तकालयसम्बन्धी सङ्-संस्थाहरू, जस्तैः त्रि.वि., त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाल पुस्तकालय सङ्घ, नेपाल राष्ट्रिय पुस्तकालय, पुस्तकालय व्यवस्थापन तथा सूचना सेवा केन्द्र (LIMSEC), TULSSA आदिले बेला बेलामा ३५ दिने तालिम दिएर विभिन्न सङ्ख्याका पुस्तकालयकर्मीहरू उत्पादन गरेका छन् । त्रि.वि.पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागले २०५२ (सन् १९९५) देखि B.Lib.Sc को १ वर्षे कोर्स/२०५९ (सन् २००३) देखि M.Lib.Sc को २ वर्षे कोर्स सञ्चालन गरेर विभिन्न सङ्ख्यामा स्नातक/स्नातकोत्तर तहका पुस्तकालयकर्मीहरूको उत्पादन गरेको छ । त्यसैले अहिले विभिन्न सूचानास्रोतको आधारमा केसम्म अनुमान लगाउन सकिन्छ भने हाल नेपालमा करिब ३००० भन्दा बढी पुस्तकालयकर्मीहरू छन् ।

यस कार्यदललाई आवश्यक परेका सूचनाहरू सङ्कलन गर्न करिब ५० वटा प्रश्नावलीहरू इ-मेलबाट ५० वटा पुस्तकालयहरूमा पठाउँदा १३ वटा पुस्तकालयहरू (काठमाडौं उपत्यका बाहिरका ६ः पोखरा ४, पर्वत १/विराटनगर १) बाट उत्तर प्राप्त भएका थिए । त्रि.वि.पु.सू.वि.के.वि.का विद्यार्थीहरूमाफ २५ वटा प्रश्नावली वितरण गर्दा १७ जनाबाट उत्तर पाइयो । बेला बेलामा कार्यदलकै सदस्यहरूले काठमाडौं उपत्यकाभित्र/बाहिरका २ गरी १५/१६ पुस्तकालयहरूको अवलोकन/भ्रमण गरियो । त्यसरी नै बेला बेलामा २/३ जना पुस्तकालयाध्यक्षसँग प्रत्यक्ष भेटघाट गरेर आवश्यक जानकारी लिने काम गरियो । ५/६ वटा पुस्तकालयहरूका बारेमा त्यहाँका पुस्तकालयाध्यक्षसँग फोनबाट सम्पर्क गरेर आवश्यक जानकारी लिइयो । ३ वटा पुस्तकालयहरूको सूचना सङ्कलन लेखहरूबाटै गरियो । यसरी विभिन्न पुस्तकालयहरूमा विश्वविद्यालय तथा क्याम्पस /कलेज पुस्तकालय, विद्यालय पुस्तकालय, राष्ट्रिय पुस्तकालय, सरकारी पुस्तकालय, सार्वजनिक/ सामुदायिक पुस्तकालय, अनुसन्धान/विशेष पुस्तकालय, गै.स.स./अ.गै.स.स./बाल पुस्तकालयहरू परेका छन् । यसका साथै, विभिन्न नियमित पाठकहरू, अनुसन्धानकर्ताहरू, विषय विशेषज्ञहरू, पुस्तकालयविद्हरूसँग प्रत्यक्ष भेटेर उनीहरूका महत्त्वपूर्ण राय, सुझाउहरू सङ्कलन गरियो । यस अतिरिक्त, पुस्तकालय तथा सूचनाविज्ञान खासगरी पुस्तकालय डिजिटाइजेसन/स्वचालीकरणका बारेमा यहाँ प्राप्त भएका पुस्तक, लेख,रचना, गोष्ठी/सेमिनार आदिका प्रतिवेदनहरूका साथै विभिन्न परियोजनाका प्रतिवेदनहरूको पनि अध्ययन तथा विश्लेषण गरियो । पुस्तकालय डिजिटाइजेसन/स्वचालीकरणका बारेमा यहाँ उपलब्ध लेख-रचना पर्याप्त नभएको कारण इन्टरनेटबाट अनलोड गरी विभिन्न देशका विभिन्न लेख-रचनाहरूको समेत अध्ययन गरियो ।

जहाँसम्म सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको सवाल छ, प्रायः सबैजसो ठूला/प्रमुख पुस्तकालयहरूमा जस्तैः विश्वविद्यालय पुस्तकालयहरू, क्याम्पस पुस्तकालयहरू, नेपाल राष्ट्रिय पुस्तकालय, सरकारी पुस्तकालयहरू, विशेष पुस्तकालयहरू, प्रतिष्ठानका पुस्तकालयहरू, गै.स.स./अ.गै.स.स., सं.रा., सूचना केन्द्र आदि सबले उक्त पूर्वाधार विकास गरिसकेको पाइयो । तर तिनमा प्राविधिक दक्ष जनशक्ति/बजेटको स्थिति भने केही कमजोर पाइयो । त्यस्तै प्रायः ठूला/प्रमुख पुस्तकालयहरूमा इन्टरनेटको सुविधा रहेको पाइयो ।

पुस्तकालय स्वचालीकरणको विषयमा भने प्रायः धेरैले आआफ्नै आवश्यकतालाई ख्याल गरेर सफ्टवेयरहरू प्रयोगमा ल्याएको पाइयो । जस्तोः

1. CDS/ISIS
2. WINISIS
3. LIBRA
4. SOUL
5. Libinfo
6. Koha
7. PMB
8. Siya
9. MIDAS
10. Alice for windows (AFW)
11. Milestone
12. Lib Info
13. Library Management System
14. Libsys
15. PHP My Library
16. Library manager

त्यसैगरी विद्युतीय (डिजिटल) पुस्तकालयका लागि नेपालका विभिन्न पुस्तकालयहरूले निम्नलिखित सफ्टवेयरहरू प्रयोग गरेको पाइएको छ :

1. GSDL (Greenstone Digital Library)
2. D-Space
3. Eprint
4. Resourcespace
5. Invenio
6. E-Zone

प्रारम्भिक अवस्थामा सबैले CDS/ISIS बाट सुरु गरी WINISIS आएपछि यसैको प्रयोग गर्न थालेको पाइयो । कतिपय पुस्तकालयहरूले अझै पनि यसैको प्रयोग गरिरहेको देखिन्छ । व्यापारिक तथा निःशुल्क खुला सफ्टवेयर आउन थालेपछि यसअनुसार विभिन्न पुस्तकालयहरूले विभिन्न सफ्टवेयर प्रयोग गर्न थालेका छन् । माथि उल्लेख गरिएका ठूला/प्रमुख पुस्तकालयहरूले koha प्रयोग गरेको

पाइयो । जस्तै : नेपाल राष्ट्रिय पुस्तकालय, त्रि.वि. केन्द्रिय पुस्तकालय, कसर पुस्तकालय, नेपाल राष्ट्रिय स्वास्थ्यविज्ञान परिषद्, मदन पुरस्कार पुस्तकालय आदि । यसरी नेपालमा अहिले करिब ६०/७० वटा पुस्तकालयहरूले koha चलाइरहेको देखिन्छ । त्यसैगरी mumolus पनि करिब ५२ वटा पुस्तकालयहरूले चलाइरहेका छन् भने LIBRA पनि ३०/३२ वटा पुस्तकालयमा प्रयोग भैरहेको छ । हिजोआज PMB पनि बिस्तारै प्रचलनमा आउन थालेको छ करिब २०/२२ वटाले यसको प्रयोग गर्दैछन् । अन्य सफ्टवेयर भने फाटफुट २/३ वटा पुस्तकालयले मात्र चलाएको देखिन्छ । Koha प्रयोगमा बढी आउनुको कारण निःशुल्क, खुला सफ्टवेयर तथा अति सजिलो हुनुका साथै अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त हुनु पनि हो ।

विभिन्न मोड्युलहरू भए तापनि धेरैजसो पुस्तकालयहरूले केवल क्याटलगिङ्ग मोड्युल मात्र प्रयोग गरेर बिब्लियोग्राफिक डाटाबेस मात्र सिर्जना गरेका छन् । थोरैले मात्र (२/३ वटाले मात्र) सर्कुलेसन मोड्युल चलाएका छन् । जस्तैः त्रि.वि.के. पुस्तकालय, काठमाडौं विश्वविद्यालय पुस्तकालय आदि । अहिले सबभन्दा बढी बिब्लियोग्राफिक डाटाबेस सबभन्दा ठूलो पुस्तकालय त्रि.वि.के.पु.को बढी छ । जस्तैः करिब ९६,००० ।

पुस्तकालय डिजिटाइजेसन अर्थात् विद्युतीय पुस्तकालय विकासको सन्दर्भमा पनि नेपालका ठूला/प्रमुख पुस्तकालयहरू, जस्तैः नेपाल राष्ट्रिय पुस्तकालय, त्रि.वि.के.पु.,का.वि.पु., पोखरा वि.पु., ने.स्वा.वि.प.पु., बि.पी.को.स्वा.वि.स..पु., प्रा.स्वा.से.स्रो.के.पु.,मार्टिन चौतारी पुस्तकालय, सं.रा.सू.के. आदिले केहीवर्ष यतादेखि विभिन्न सफ्टवेयर चलाएर डिजिटल पुस्तकालयको विकास गर्न थालिसकेका छन् । जस्तैः GSDL, Dspace, Eprint, Resouece space, Inveneo आदि । यीमध्ये Dspace धेरैले खासगरी Koha चलाउनेहरूले प्रयोगमा ल्याएका छन् । यो पनि निःशुल्क खुला सफ्टवेयर नै हो । यस्तो डिजिटल पुस्तकालयका लागि खासगरी निम्न अभिलेखहरू, जस्तैः थेसिस, डिजर्टेसन, सरकारी अभिलेख, समाचार, अनुसन्धान तथा परियोजनाका प्रतिवेदन आदिको पुरानो अर्थात् छापिएको भए डिजिटाइज गरेर नयाँ सुरुमै विद्युतीय फर्ममा याने डिजिटाइज फर्ममा भए सिधै प्रयोग गरेको हुन्छ ।

अहिले प्रायः सबैजसो सरकारी कार्यालयहरूको अभिलेख, सूचना फर्महरू डिजिटाइज फर्ममा वेबमा राखिदिएको कारण सर्वसाधारण जनता सबैले सजिलै प्रयोग गर्न पाएका छन् । त्यसैगरी सं.रा.सू.के.ले पनि सं.रा.स. तथा यसका अन्य निकायहरूका सबैजसो अभिलेखहरू, प्रतिवेदनहरू डिजिटाइज गरी राख्ने गरेको कारण सबलाई तिनको उपयोग गर्न सजिलो भएको छ । हाल यसका करिब ७००० जति यस्ता डिजिटल अभिलेखहरू छन् । त्यस्तै ने.स्वा.वि.प.ले पनि स्वास्थ्यसम्बन्धी थुप्रै अभिलेख, प्रतिवेदन आदि डिजिटल रूपमा राखेको छ । यसरी नै कक्षा १ देखि ७ सम्मका पाठ्यक्रमका पुस्तकहरू पनि डिजिटाइज गरेर सबैले सजिलै पाउने गरी राखिएको छ ।

आजभोलि त कम्प्युटरबाट मात्र होइन मोबाइल फोनको सेटबाट समेत हेर्न मिल्नेगरी मोबाइल एप तथा डिजिटल पुस्तकालयको विकास भैसकेको छ । जस्तोः ने.रा.पु., सं.रा.सू.के. आदिका । यसरी नै कथालय प्रकाशनले आफ्ना प्रकाशनहरू डिजिटल रूपमा विकास गरेको छ । तर मूल्य तिरेर मात्र हेर्न सकिने प्रावधान छ ।

विश्वविद्यालय अनुदान आयोग (UGC) को सहयोगमा Healthnet Nepal र TU Central Dept. of Library & Information Science को प्रयासमा Networking of University Library of Nepal (NULISN) Project 2014 ले पनि विभिन्न विश्वविद्यालय पुस्तकालयहरूको तथा अन्य सङ्घसंस्थाका पुस्तकालयहरूको सूचना सामग्रीहहरू खासगरी थेसिस, डिजिर्टेसन तथा अन्य प्रतिवेदनहरूको डिजिटल पुस्तकालय विकास गर्ने क्रममा उही Koha/Dspace प्रयोग गरी करिव ६७७ बिब्लियोग्राफिक रिकर्ड/करिव ८६८९५ पेजका डिजिटाइज सामग्रीहरू विकास गरेको थियो ।

विभिन्न पुस्तकालयहरूले आफ्ना पाठकहरूलाई निम्न Online सेवाहरू पनि प्रदान गरिराखेको पाइयो जस्तैः AGORA ASIAJOL Cochrone HINARI INASP MEDLINE NEPJOL OAISIS PERI POPLINE आदि ।

नेपाल पुस्तकालय फाउण्डेसनको सहयोगमा साझा शिक्षा इ-पाटी (Open Learning Exchange Nepal; OLE Nepal) ले पनि करिब १०,००० विभिन्न विषय/शीर्षकका पुस्तकहरू विद्युतीय पुस्तकालयको रूपमा विकास गरेर पाठकहरूलाई निःशुल्क डिजिटल सेवा प्रदान गरिहेको छ । यी सबै आधुनिक सूचना तथा सञ्चार प्रविधि खास गरी डिजिटल प्रविधि/इन्टरनेट प्रविधिले गर्दा सम्भव भएको छ । नेपालले पनि यो डिजिटल युग अनुसार यति प्रगति गर्नु ठूलै उपलव्धी मान्नु पर्छ ।

तर बिडम्वना भनौं वा दुर्भाग्य नेपालका धेरैजसो पुस्तकालयहरूले काठमाडौं बाहिरका मात्र होइन भित्रैकाले पनि राम्ररी यस सुविधाको प्रयोग गर्न अझै पाउन सकेका छैनन् । यसको मुख्य कारण हो सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको कमी,दक्ष जनशक्तिको अभाव, मुख्यतः बजेटको अभाव । साथै पाठकहरूको सूचनासम्बन्धी ज्ञानको अभाव/सम्वन्धित निकायहरूको प्रतिवद्धताको कमीका साथै यस क्षेत्रको विकासप्रति अरुचि/हेलचेक्र्याइँ । पुस्तकालयध्यक्ष, पुस्तकालयकर्मीहरूको कमजोर आवाज तथा सूचना तथा सञ्चार प्रविधिको अशिक्षा/अज्ञानता, पुस्तकालय तथा सूचना विज्ञानको अध्ययन/अध्यापनको कमजोरी पनि यसका कारण हुन् ।

## ८. समस्यारचुनौतीहरू

- भौतिक संरचनाको विनास :- भूकम्पले गर्दा
- बौद्धिक सम्पदाको क्षति :- ,, ,,
- सूचना तथा ज्ञानको विस्फोट

- राष्ट्रको महत्त्वपूर्ण, ऐतिहासिक, बौद्धिक तथा स्वदेशी ज्ञान तथा सीपको उचित व्यवस्थापनको अभाव
- पुस्तकालयमुखी शिक्षणपद्धतिको कमी
- डिजिटल डिभाइड
- सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको कमी
- प्राविधिक दक्ष जनशक्तिको कमी
- विद्यामान प्राविधिक जनशक्तिमा ICT Literary को कमी
- पाठकहरूमा सूचना तथा सञ्चार प्रविधिको ज्ञानको कमी वा Illiteracy
- आर्थिक सहयोगको कमी/बजेटको कमी
- सरकारी नीति-नियमको कमी/अभाव
- सम्बन्धित अधिकारीको Commitment को कमी/अवहेलना
- Lib S/W को प्रयोगमा विविधता
- Standards मा विविधता
- कानूनी मुद्दा बौद्धिक अधिकार
- Load shedding २० घण्टा बिजुली नहुनु
- पुस्तकालय कर्मचारीहरूको आधुनिक ICT प्रति अरुचि
- Hordcopy पढ्ने पाठकहरूको पुरानै मनोविज्ञान/मनोवृत्ति
- बौद्धिक तथा सांस्कृतिक सम्पदा छरपष्ट छरिएका घरघरमा
- Internet को अभाव वा गुणस्तरमा कमी

## ९. सुझावहरू

यस कार्यदललाई दिएको जिम्मेवारीअनुसार कार्य गर्नलाई माथि उल्लेखित विभिन्न कार्यविधि अपनाई नेपालका पुस्तकालयहरूको वर्तमान स्थितिको विश्लेषण गर्दा देखा परेका प्रमुख मुद्दाहरू, समस्याहरू/चुनौतीहरूको आधारमा निम्न सुझावहरू पेस गरिएको छ ।

९.१. कार्यादेशमा नेपालका दसवटा विभिन्न पुस्तकालयहरूमा डाटा सेन्टर रहने निकायहरू भनी तोकिए तापनि यसरी धेरै डाटा सेन्टरहरू स्थापना/सञ्चालन गर्न हालको परिप्रेक्ष्यमा विभिन्न कारण, खासगरी आर्थिक तथा प्राविधिक कारणले युक्तिसङ्गत/सम्भव नहुने देखिएकोले नेपाल सरकारका प्रायः सबैजसो कार्यालयहरूको तथा अन्य कार्यालयहरूको समेत विभिन्न किसिमका डाटाहरू होस्ट गरिराहेका नेपाल सरकार, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत स्थापना भएको राष्ट्रिय सूचना प्रविधि केन्द्र (रा.सू.प्र.के.) मा नै सबै पुस्तकालयहरूको डाटा राख्न लगाई एउटा केन्द्रीय/राष्ट्रिय डाटा सेन्टरको निर्माण गर्ने ।

९.२. उक्त रा.सू.प्र.के.लाई पुस्तकालयहरूको केन्द्रिय/राष्ट्रिय डाटा सेन्टरको रूपमा कार्य गराउँदा अभिलेख व्यवस्थापन याने पुस्तकालय डिजिटाइजेसन/स्वचालीकरण गर्दा जे जति डाटाहरू र मेटा डाटाहरू सिर्जना हुन आउँछन् सो होस्ट गर्न आवश्यक स्थान र स्पिड वा गति बारे

छलफल गर्दा विज्ञहरूको राय र अनुभवको आधारमा हाललाई कम्तीमा 10TB को स्थान र 5mbps.गतिको व्यवस्था गर्ने, गराउने ।

९.३. जहाँसम्म डाटा होस्टिङ्ग गर्ने विषयको सवाल छ पुस्तकालय डिजिटाइजेसन, स्वचालीकरण गर्दा सिर्जना हुन आउने विविध डाटाहरू, जस्तैः डिजिटल सामग्रीहरू सबैका डाटाहरूको अलावा पुस्तकप्राप्ति व्यवस्थापन, क्याटलग व्यवस्थापन आदि क्रियाकलापहरूका डाटाहरूको होस्ट गर्नुपर्ने हुन्छ ।

९.४. रा.सू.प्र.के. सबै प्रकारका पुस्तकालयहरूको एउटै केन्द्रिय डाटा सेन्टरको रूपमा सञ्चालन हुने हुनाल केन्द्रिय सर्भर त्यहीँ रहने हुनाले शिक्षा मन्त्रालयमा बेग्लै केन्द्रिय सर्भरको स्थापना/सञ्चालन गर्नु नपर्ने देखिएकोले कार्यादेशको बुँदा नं.१ ग नै अनावश्यक भएकोले सो सम्बन्धमा कुनै सुझाव प्रस्तुत गरिएको छैन ।

९.५. बुँदा नं. १ घ को पुस्तकालयको पोर्टल निर्माण तथा इन्टरलिङ्केज सम्बन्धमा सूचना तथा प्रविधि विशेषज्ञहरूका साथ छलफल गर्दा सबै पुस्तकालयका लागि उपयुक्त हुने गरी पोर्टल निर्माण गर्ने/सो पोर्टलमा हरेक पुस्तकालयको लागि एक एक बटन वा Window को व्यवस्था गर्ने । हरेक पुस्तकालयले आआफ्नो User name र Password प्रयोग गरी आआफ्ना तथ्याङ्क अद्यावधिक गर्ने, नयाँ, नयाँ डाटाबेस/मेटाडाटा राख्ने तथा विद्युतीय पुस्तकालयका लागि व्यवस्थापन समेत गर्ने गरी हरेक पुस्तकालयले आआफ्नो डाटाबेस नियमित रूपमा अद्यावधिक गर्ने ।

९.६. बुँदा नं. १ ङ को डाटा सेन्टर निर्माण गर्न अवधि किटान एवम् सोको व्यवस्थापन गर्न सम्पर्क गर्नुपर्ने फोकल व्यक्ति तोक्ने भन्ने बारेमा छलफल गर्दा रा.सू.प्र.के.लाई नै केन्द्रिय डाटा सेन्टर बनाउने भनेर सिफारिस गरेको हुँदा सोही केन्द्रले उक्त कार्यको लागि तोकिदिएको वा खटाएको प्राविधिक/प्रशासनिक कर्मचारी सम्पर्क व्यक्ति हुनेछ । जहाँसम्म डाटाबेस निर्माण गर्ने अवधिको प्रश्न छ त्यो चाहिँ उही सम्बन्धित व्यक्तिले मात्र भन्न सकिने हुन्छ ।

९.७. बुँदा नं. १ च मा उल्लेखित विविध विषयहरूमध्ये सबभन्दा पहिलो/साथै महत्त्वपूर्ण विषय सफ्टवेयर निर्माण सम्बन्धी विषयमा केन्द्रित भएर यस कार्यटोलीले निम्न सुझावहरू पेस गरेको छः

पुस्तकालय डिजिटाइजेसन/स्वचालीकरणको कार्य राष्ट्रिय रूपमै गर्नका लागि अर्थात् सबै पुस्तकालयहरूमा यो काम एकरूपता/स्तरीयताका साथ गर्नका लागि स्तरीय तथा भरपर्दो सफ्टवेयरहरू प्रयोग गर्न आवश्यक हुन्छ । तर नेपालका विभिन्न पुस्तकालयहरूले आफूखुसी अर्थात् आफ्नो आवश्यकता/सुविधाअनुसार कसैले निःशुल्क खुला सफ्टवेयर त कसैले सम्बन्धित सफ्टवेयर विकासकर्ताहरूको आग्रहको आधारमा विभिन्न व्यापारिक सफ्टवेयर प्रयोग गर्दै आएको हुँदा राष्ट्रिय रूपमा सुरु गर्न लागेको पुस्तकालय डिजिटाइजेसन/स्वचालीकरणको कार्य वा अभियानलाई अघि बढाउन असजिलो मात्र होइन समस्या पर्ने देखिन्छ । त्यसैले विभिन्न सरोकारवालाहरूः पुस्तकालयविद्, पुस्तकालयका प्राविधिक कर्मचारी, सूचना तथा सञ्चार प्रविधिका विषय विशेषज्ञ, सफ्टवेयर निर्माकर्ता,

इन्जिनियर आदिसँग धेरैपटक गम्भीर छलफल तथा विचार-विमर्शपछि यो कार्यदलले निम्न सुझावहरू दिन बाध्य भएको छ:

क. पुस्तकालय अभिलेख व्यवस्थापनका लागि निःशुल्क/खुला सफ्टवेयर प्रयोग गर्ने । पुस्तकालय डिजिटाइजेसनका लागि नेपाललगायत अन्य धेरै देशका २००० भन्दा बढी पुस्तकालयहरूमा प्रचलित निःशुल्क, खुला सफ्टवेयर D Space र स्वचालीकरणको लागि पनि त्यस्तै अत्यधिक प्रचलित संसारको १००० भन्दा बढी पुस्तकालयमा प्रचलनमा रहेको स्तरीय र भरपर्दो निःशुल्क, खुला सफ्टवेयर Koha प्रयोग गर्ने ।

ख. रा.सू.प्र.के.मा डाटा होस्टिङ्ग गर्नका लागि पनि ती नै दुई वटा सफ्टवेयरहरू प्रयोग गर्ने ।

ग. हाल जुन जुन पुस्तकालयहरूले ती सफ्टवेयर उपयोग गरेका छन् तिनलाई सजिलै हुनेछ ।

घ. जुन पुस्तकालयमा अहिलेसम्म डिजिटाइजेसन/स्वचालीकरणको काम भएको छैन ती पुस्तकालयहरूले यी काम सुरु गर्दा यी नै दुई सफ्टवेयर प्रयोगमा ल्याउने ।

ङ. भविष्यमा खोलिने पुस्तकालयहरूले पनि यी कामका लागि यी नै सफ्टवेयर प्रयोग गर्ने ।

च. हाल अन्य सफ्टवेयर प्रयोग गरेर डाटाबेस निर्माण गरिरहेका पुस्तकालयहरूको हकमा आवश्यक प्राविधिक सहयोग दिएर डाटाहरू ती नै सफ्टवेयरहरूमा परिवर्तन गरिदिने/पछि DSpace/Koha नै प्रयोग गर्न सल्लाह दिने ।

छ. यदि कसैले Dspace/Koha प्रयोग गर्न नमानेर आआफ्नै पुरानै सफ्टवेयर चलाउन चाहेमा त्यस्ता सफ्टवेयरमा कम्तीमा निम्न Parameter तथा सुविधाहरू समावेश गर्न लगाउने:

   i. MARC 21 based
   ii. Z39.50
   iii. Barcode generation
   iv. web based
   v. Unicode support
   vi. Minimum modules: Acquision Module, Cataloguing module, Circulation module, Serial management module, Administration module,Report generation,OPAC आदि ।

ज. यसरी आफूखुसी सफ्टवेयर चलाउने पुस्तकालयहरूले आफ्नो डाटा आफैंले वा अन्य प्राविधिक व्यक्तिको सहयोग लिएर आफ्नो डाटा Dspace र Koha मा परिणत गर्नुपर्नेछ ।

९.८. निःशुल्क, खुला सफ्टवेयर भने तापनि आआफ्नो आवश्यकता अनुसार बनाउनुपर्ने (Customize) हुनाले सो कार्यको जिम्मेवारी अनुभवी तथा सक्षम संस्था वा व्यक्तिलाई दिनुपर्ने हुन्छ ।

९.९. बुँदा नं १ च मा उल्लेखित सफ्टवेयर निर्माण समेत गर्ने भन्ने बारे लामो छलफल तथा विभिन्न विज्ञहरूसँग विचारविमर्श गरेपछि यो कार्यदलले उक्त कार्य गर्न सक्ने निम्न संस्था/व्यक्तिहरूको नाम सिफारिस गरेको छ:

क. Healthnet Nepal, जयवागेश्वरी, काठमाडौं

ख. Takeout Solution Privet Ltd., Divyendra Hyoju

ग. प्रा.डा. मोहनराज प्रधान, त्रि.वि.पुस्तकालय तथा सू.वि.के.विभाग

ग. श्री चन्द्रभूषण यादव, ने.स्वा.अ.प., रामशाहपथ

घ. श्री जगदीशचन्द्र अर्याल, सो.सा.ब., बत्तीसपुतली

ङ. श्री प्रवीण पौडेल, मदन पुरस्कार पुस्तकालय

९.१०.प्राविधिक जनशक्ति उत्पादन, अभिलेख व्यवस्थापन गर्न लाग्ने समयावधि, लाग्ने लागत/जनशक्ति अनुमान आदिका बारेमा विस्तृत छलफल र विज्ञहरूसँग बेला बेलामा विचारविमर्श गर्दा देशभरिका पुस्तकालयहरूको वर्तमान स्थिति, खासगरी सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार/संरचनाको अवस्था, त्यसबाट दिइँदै आएको सेवा सुविधा, प्राविधिक कर्मचारीको शैक्षिक स्तर, प्राविधिक ज्ञान र सीपको स्तर, रुचि, दक्षता तथा तालिमको चाहना/आवश्यकता, पाठकहरूको रुचि/आवश्यकता, उनीहरूको सूचना तथा प्रविधिको साक्षरता र सचेतना आदिबारे वास्तविक डाटा सङ्कलन र विश्लेषण नगरी बृहत् पुस्तकालय सर्वेक्षण नगरी हचुवाका भरमा केही पनि सिफारिस गर्न युक्तिसङ्गत र व्यावहारिक नभएकोले सबभन्दा पहिले त्यस किसिमको वृहत् सर्वेक्षण गर्न यो कार्यदल सिफारिस गर्दछ ।

९.११.तथापि, सम्बन्धित पुस्तकालयाध्यक्ष, पुस्तकालयविद्, सूचना तथा सञ्चार प्रविधिविज्ञहरूसँग/खासगरी Healthnet Nepal सँग सरसल्लाह गर्दा तत्काल निम्न कार्यहरू गर्न, निम्न समयावधि तथा लागत लाग्ने अनुमान सिफारिस गरिएको छ:

| क.सं. | काम | समय | लागत |
|---|---|---|---|
| १ | सहभागी पुस्तकालयकर्मीहरूलाई (तालिम दिन, म्यानुअलबनाउन/डाटाइन्ट्री फर्मेट सजिलोसित तयार पार्न, खासगरी सफ्टवेयर इन्सटलेसनदेखि अन्य काम गर्न सजिलो होस् भनेर) Koha ILS, D-space, Wordpress को Live DVD बनाउन र सो बनाउने काममा छ जना कर्मचारीलाई तालिम दिन, | चार महिना | रू.६,००,०००/- |
| २ | Focal Point का सम्बन्धित कर्मचारीलाई TOT को तालिम दिन (प्रतिव्यक्ति रू. ३०,०००/-) | ४० दिन | रू.६,००,०००/- |
| ३ | रा.सू.प्र.के.मा हुने केन्द्रिय सर्भर Configuration गर्न (Koha,ILS, D-space, Word Press, Vu find र Federated search software जस्तो Pazpart2) यी पाँच | | रू.३,००,०००/- |

| | | | |
|---|---|---|---|
| | सफ्टवेयर को Live DVD बनाउन/सो केन्द्रिय डाटा सेन्टरको केन्द्रिय सर्भरमा इन्स्टल गर्न | | |
| | कूल रकम | | रू. १५,००,०००। |

९.१२. TOT मा तालिम पाएका व्यक्तिहरूले पछि आआफ्ना सम्बन्धित पुस्तकालयका कर्मचारीहरूलाई तालिम दिने व्यवस्था गर्ने ।

९.१३. बुँदा नं. २ डाटा सेन्टर रहने निकायहरू भनेर जम्मा १० थरीका पुस्तकालयहरूको वर्गीकरण गरी ती दश थरीका पुस्तकालयहरूका लागि १० वटा डाटा सेन्टर रहने भनी १० वटा पुस्तकालयहरूको नाम तोकेकोमा यस कार्यदलले सो कुरा व्यावहारिक नभएकोले एउटै मात्र केन्द्रिय डाटा सेन्टर रा.सू.प्र.के.मा रहने भनी माथि सिफारिस भैसकेको छ । बरु विषय/क्षेत्रको आधारमा देशभरिका पुस्तकालयहरूलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्दा २३ थरी देखिएकाले उक्त हरेक समूहका लागि एक एक वटा सम्पर्क निकाय (Focal point) का रूपमा २३ वटा प्रमुख पुस्तकालयहरूलाई तोकिएको छ ।

## १०. नीति

१०.१ अभिलेख-व्यवस्थापनलई परिभाषित गरी अभिलेख-व्यवस्थापनको आधार तयार गर्ने ।

१०.२ पुस्तकालयको अभिलेख-व्यवस्थापन (Library Record Management) सम्बद्ध क्रियाकलापका लागि आवश्यक कार्य निर्देशिका तयार गरिनेछ ।

१०.३ इ-बुक, जर्नल, रिपोर्ट आयात तथा नेपालबाट प्रकाशित इ-बुक, जर्नल, रिपोर्ट तथा प्रकाशित जर्नलका बारेमा स्पष्ट व्यवस्था गरिनेछ ।

१०.४ बौद्धिक सम्पत्तिको रक्षाका लागि प्रतिलिपि कानुनको स्पष्ट दिशानिर्देश गरिनेछ ।

१०.५. अभिलेख-व्यवस्थापनको प्रबर्द्धनका लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१०.६ पुस्तकालय अभिलेख-व्यवस्थापनमा लागेका जनशक्तिको क्षमता अभिबृद्धिका लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

१०.७. निजी, सरकारी, सार्वजनिक, सामुदायिक क्षेत्रका पुस्तकालयहरूको अभिलेख-व्यवस्थापनमा लागेको जनशक्तिलाई सक्षम/आत्मनिर्भर बनाउन तालिम, प्रशिक्षण, कार्यशाला माध्यमबाट सशक्तीकरण गर्न आवश्यकताअनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.८. साक्षरता अभियानलाई जनस्तरमा व्यापक रूपमा विस्तार गर्नका लागि आवश्यक पूर्व तयारी गरी सोका लागि उत्पादित पुस्तकहरूतथा स्रोतसामग्रीहरूको अभिलेख-व्यवस्थापनको माध्यमबाट अध्ययनलाई सरलीकृत गराई पुस्तकालय क्षेत्रको महत्त्व आमसर्वसाधारण समक्ष गराउने कार्यका लागि सम्बद्ध निकायबाट आवश्यक व्यवस्था मिलाइनेछ ।

१०.९ पुस्तकालय स्वचालीकरण तथा अभिलेख-व्यवस्थापनका लागि गुणस्तरीयताका लागि आवश्यक मापदण्ड निर्धारण गरिनेछ ।

१०.१० विद्यालय तथा विश्वविद्यालयका पाठ्यपुस्तकको अभिलेख-व्यवस्थापनलाई प्राथमिकतामा पारी अध्ययनमा सरलता/एकरूपता कायम गर्न उचित प्रबन्ध मिलाइनेछ ।

१०.११ पुस्तकालयहरूका अभिलेखाङ्कन गरिएका विद्युतीय इ-पुस्तक तथा अन्य रेकर्ड तथा खरिद गरिएका इ-पुस्तकसम्वन्धी रेकर्ड संरक्षणका लागि आवश्यक कार्य योजनाको निर्माण गरिनेछ ।

१०.१२ पुस्तकालय स्वचालीकरण तथा अभिलेख-व्यवस्थापनका लागि आवश्यक मापदण्ड निर्धारण गरिनेछ ।

१०.१३ अभिलेख चोरी गर्ने प्रवृत्तिलाई अन्त्य गर्न यसको तयारी तथा प्रचार-प्रसारको व्यवस्था मिलाइनेछ ।

१०.१४ पुस्तकालयको अधिकतम उपयोग गर्ने वातावरण सिर्जना गरिनेछ । पुस्तकालयमा पाठकहरू आकर्षित गर्न क्रमशः प्रबिधिमैत्री, विद्युतीय पुस्तक अनलाइन पुस्तक तथा अभिलेख-व्यवस्थापनलाई अभियानको रूपमा अगाडि बढाइनेछ ।

१०.१५ अभिलेख-व्यवस्थापन समायानुकूल व्यवस्थापन, नीतिनिर्माण, अनुगमन तथा नियमनमा सहयोग गर्नका लागि राष्ट्रिय अभिलेख-व्यवस्थापन परिषद् गठन गरिनेछ । त्यसका लागि आवश्यक नीतिगत, कानुनी, संरचनागत व्यवस्था मिलाइने छ ।

## ११. रणनीति

११.१ अभिलेख-व्यवस्थापनका आधारभूत पक्षहरू तयगरी तिनलाई परिभाषित गरी अभिलेख-व्यवस्थापनको आधारशिला तय गरिनेछ ।

**अभिलेखः** अभिलेख भन्नाले पुस्तकालयमा विभिन्न तरिकाले सङ्कलन गरिएका विभिन्न माध्यममा लेखिएका, छापिएका, कुँदिएका, कोरिएका/डिजिटाइज गरिएका विभिन्न प्रकारका सूचना तथा ज्ञानसामग्रीहरूलाई बुझाउँछ । जस्तै :

- विभिन्न किसिमका पाण्डुलिपिहरू
- शिलापत्र, भोजपत्र, ताम्रपत्रहरू आदि
- पुस्तक, पुस्तिका, लेख, पर्चा, पत्र, पत्रपत्रिका, अखबार, क्मिक प्रकाशन, व्यक्तिगत प्रस्तुतिहरू आदि
- इबुक्स, इजर्नल आदि
- विभिन्न सरकारी दस्तावेज, सूचना, प्रतिवेदन, प्रकाशनहरू आदि
- विभिन्न किसिमका कानुनी दस्तावेजहरू/प्रकाशनहरू
- अनुसन्धानमूलक प्रतिवेदन, आयोग, आयोजना, परियोजना, समिति आदिका प्रतिवेदनहरू
- प्रवचन, भाषण, वक्तव्य, अन्तर्वार्ताहरू आदि
- सभा, सम्मेलन, गोष्ठी, तालिम आदिका प्रस्तुति तथा प्रतिवेदन/कार्यपत्रहरू आदि
- शोधपत्र (थेसिस)/डेजर्टेसनहरू

- सन्धि-सम्झौता आदिका दस्तावेजहरू
- विभिन्न किसिमका घोषणापत्रहरू
- सूचना, शिक्षा, सञ्चारसामग्रीहरू (IEC materials), पेपर क्लिपिङ्स
- सङ्केत चिह्नहरू, श्रव्य सामग्रीहरू, दृश्य सामग्रीहरू
- श्रव्य-दृश्य सामग्रीहरू
- ध्वनिमा दरिएका वस्तुहरू (Sound Recordings)
- नाटक, प्रहसन आदि
- फोटोजन्य सामग्रीहरू, वास्तुकलाका नक्सा, मानचित्र, तथ्याङ्क, चित्र, तस्वीर आदि
- रेखाचित्र, चित्रकलाहरू आदि
- शिल्पतथ्य वा मानव हस्तकलाबाट बनेका वस्तुहरू
- चलचित्रहरू, वृत्तचित्रहरू, व्यङ्ग्यचित्रहरू
- भित्ते चित्र, फ्लास कार्ड, क्लिप चार्टहरू आदि
- बहुसञ्चार (Multimedia) का सामग्रीहरू
- सिडी, क्यासेट, डिस्केटहरू आदि
- माइक्रोफिल्म तथा स्लाइडहरू आदि ।

**व्यवस्थापनः** अभिलेखन गर्न सकिने अध्ययन सामग्रीहरू विभिन्न सफ्टवेयरमार्फत् इन्टरनेट, कम्प्युटर, स्क्यानिङ प्रविधिको उपयोग गरी दक्ष जनशक्तिमार्फत् प्रयोगकर्ता/उपभोक्ताको सरल पहुँच स्थापित गर्न सम्बन्धित निकायलाई आ-आफ्ना पुस्तकालयमार्फत् अनलाइन स्थापित संयन्त्रमार्फत् पोर्टल निर्माण गरी नेपालको संविधानमा उल्लेखित नागरिकको शिक्षा प्राप्त गर्ने आधारभूत मौलिक हक र संविधानमा उल्लिखित नीति कार्यान्वयन गर्ने रणनीतिक व्यवस्थापन समेतलाई सम्झनुपर्छ, जसले जनताका आधारभूत मानव अधिकार र आपसी हित समेतको प्रबर्द्धन गर्न सहयोग गर्छ ।

**पुस्तकालयः** पुस्तकालय पुस्तक/आलय दुईशब्द मिलेर बनेको छ । अर्थात् पुस्तकको घर वा पुस्तक राख्ने ठाउँ पुस्तकालय हो । तर यस परिभाषामा व्यापकता आएको छ र पुस्तक शब्दले किताब, पाठ्यपुस्तक, पत्रपत्रिका, थेसिस, अनुसन्धान रिपोर्ट, विभिन्न सन्दर्भ सामग्रीहरू, गैह्र पुस्तक (सिडि, डिभिडि, माइक्रो फिल्म, श्रब्यदृश्य सामग्री, खेलौना, नक्सा, फोटोहरू, आदि), आत्मकथा, चिठिपत्र, टिपोट र विद्युतीय सामग्री आदिलाई समेत समेट्छ । साथै पुस्तकको घर भन्ने शब्दले घर, मठमन्दिर, देवालय, पाटी, पौवा, व्यक्तिगत कोठा, कुनै एक कम्प्युटर, इन्टरनेट पोर्टल तथा सिङ्गो संस्थालाई जनाउँछ जहाँ पाठकहरूआआफ्नो रुचिको ज्ञानसामग्री तथा सूचनाको खोजीमा आउने गर्छन् ।

**पुस्तकालय स्वचालीकरणः** पुस्तकालय व्यवस्थापन तथा सेवा प्रवाह गर्दा दैनिक रूपमा सम्पन्न गर्नुपर्ने विभिन्न कामहरूलाई कम्प्युटर लगायतका मेसिन/उपकरणको प्रयोग गरेर सम्पन्न गरिने कामलाई नै पुस्तकालय स्वचालीकरण (Library automation) भनिन्छ । पुस्तकालय तथा सूचनाविज्ञान बृहत् कोशका अनुसार स्वचालीकरण भन्नाले प्रविधि सम्बन्धित यस्तो ढाँचा तथा विकास प्रक्रिया/पद्धति हो जसले सञ्चालन सम्बन्धमा मानवीय हस्तक्षेप न्यूनीकरण गर्दछ' ।

सूचनाको सङ्कलन, प्रशोधन, भण्डारण, सम्प्रेषण/पत्रपत्रिका व्यवस्थापन तथा पुस्तकालय सम्बन्धी अन्य कार्यमा यन्त्र उपकरणको खासगरी कम्प्युटरको प्रयोग नै पुस्तकालय स्वचालीकरण हो ।

**डिजिटाइजेसन:** मुद्रण वा अन्य माध्यममा प्रकाशित रचनाहरू, पुस्तक, पत्रपत्रिका, रिपोर्ट, चित्र, फोटो, श्रव्यदृश्य आदिलाई विद्युतीय माध्यममा रूपान्तरण गर्ने प्रक्रियालाई डिजिटाइजेसन भनिन्छ ।

**डिजिटल पुस्तकालय:** डिजिटल लाइब्रेरी अर्थात् विद्युतीय पुस्तकालय भन्नाले त्यस्तो पुस्तकालयलाई जनाउँछ जहाँ सूचनासामग्रीहरू परम्परागत रूपमा कागजमा नभई विद्युतीय माध्यममा (विद्युतीय माध्यम भन्नाले सी. डी., डीभिडी, पेनड्राइभ, कम्प्युटरको हार्डडिस्क, इन्टरनेट, इन्ट्रानेट आदिलाई जनाउँछ) भण्डारण गरिएका हुन्छन्/त्यस्ता सूचनाहरू पढ्न कम्प्युटरको आवश्यकता पर्दछ । यहाँ सूचनासामग्री भन्नाले पाठ, नक्सा, फोटो, आवाज, श्रब्यदृश्य, तथा सङ्ख्याहरू जे पनि हुन सक्छ ।

**भर्चुअल लाइब्रेरी:** भर्चुअल लाइब्रेरी अर्थात् अमूर्त पुस्तकालय त्यस्तो पुस्तकालय हो जहाँ सूचनासामग्रीहरू परम्परागत रूपमा कागजमा नभई विद्युतीय माध्यममा इन्टरनेटमा राखिएका हुन्छन्/त्यस्ता सूचनाहरू पढ्न कम्प्युटरको साथसाथै इन्टरनेटको आवश्यकता पर्दछ । संसारका भिन्नाभिन्नै स्थानका कम्युटरमा भएका सामग्रीहरूलाई इन्टरनेट सञ्जालमार्फत् खोजी गरी पाठकको कम्प्युटरमा उपलब्ध गराउनु नै भर्चुअल लाइब्रेरीको विशेषता हो ।

## १३. प्रस्तावित सम्पर्क पुस्तकालयहरू

पुस्तकालय स्वचालीकरण तथा डिजिटाइजेसनको प्रकिया अपनाई पुस्तकालय अभिलेख-व्यवस्थापनको कार्यसम्पादन गर्दा विभिन्न चरणका कियाकलापहरू सुचारु रूपले सञ्चालन गर्न नियमित रेखदेख सुपरिवेक्षण तथा समन्वय गर्नुपर्ने हुन्छ । त्यसको लागि एउटा सशक्त सम्पर्क केन्द्र (Focal Point) आवश्यक पर्ने हुनाले निम्नप्रकारका पुस्तकालयहरूको लागि निम्न (Focal Point) को प्रस्ताव/ सुझाव गरिएको छ ।

| सि.नं. | पुस्तकालयहरू | सम्पर्क पुस्तकालय |
|---|---|---|
| १ | सरकारी पुस्तकालयहरू | नेपाल राष्ट्रिय पुस्तकालय |
| २ | क्याम्पस/विश्वविद्यालय पुस्तकालयहरू | त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालय |
| ३ | विद्यालय पुस्तकालयहरू | शैक्षिक जनशक्ति विकास केन्द्र पुस्तकालय |
| ४ | चिकित्साशास्त्र पुस्तकालयहरू | राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद् पुस्तकालय |
| ५ | इन्जिनियरिङ्ग पुस्तकालयहरू | त्रि.वि.इन्जिनियरिङ्ग पुल्चोक क्याम्पस पुस्तकालय |
| ६ | कृषि तथा वनसम्वन्धी पुस्तकालयहरू | कृषि तथा वन विश्वविद्यालय पुस्तकालय |
| ७ | कानुन पुस्तकालयहरू | सर्वोच्च अदालतको पुस्तकालय |
| ८ | भाषा,साहित्य,कला तथा सङ्गीतका पुस्तकालयहरू | नेपाल प्रज्ञा प्रतिष्ठानको पुस्तकालय |
| ९ | विज्ञान तथा प्रविधिसम्वन्धी पुस्तकालयहरू | नेपाल विज्ञान तथा प्रविधिप्रतिष्ठानको पुस्तकालय |

| | | |
|---|---|---|
| १० | उद्योग वाणिज्य तथा वैकिङ्ग पुस्तकालयहरू | नेपाल उद्योग वाणिज्य महासङ्घको पुस्तकालय |
| ११ | पर्यटन होटल व्यवस्थापन तथा ट्रेकिङ्गका पुस्तकालयहरू | पर्यटन बोर्ड वा नेपाल ट्राकिङ्ग, टुर्स तथा होटल व्यवस्थापन प्रतिष्ठाको पुस्तकालय |
| १२ | मधेसी,आदिवासी जनजाति तथा दलित सम्वन्धी पुस्तकालयहरू | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको पुस्तकालय |
| १३ | महिला,लैङ्गिक तथा वालवालिकासम्वन्धी | राष्ट्रिय महिला आयोगको पुस्तकालय |
| १४ | मानवअधिकारसम्वन्धी पुस्तकालयहरू | राष्ट्रिय मानवअधिकार आयोगको पुस्तकालय वा इन्सेकको पुस्तकालय |
| १५ | विभिन्न मिडिया तथा सञ्चार माध्यमहरूका पुस्तकालयहरू | प्रेस काउन्सिल वा रा.स.स.वा राष्ट्रिय सूचना आयोगको पुस्तकालय |
| १६ | तथ्याङ्कसम्वन्धी पुस्तकालयहरू | केन्द्रिय तथ्याङ्कन विभागको पुस्तकालय |
| १७ | दृष्टिविहीन तथा कम देख्नेहरूका लागि पुस्तकालयहरू | राष्ट्रिय ब्रेल पुस्तकालय |
| १८ | विकलाङ्गहरूका लागि पुस्तकालयहरू | अन्धअपाङ्ग महासङ्घको पुस्तकालय |
| १९ | सामुदायिक/सार्वजनिक पुस्तकालयहरू | काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय |
| २० | संयुक्त राष्ट्रसङ्घ तथा यसका विभिन्न निकायहरू,एजेन्सीहरूको पुस्तकालयहरू | संयुक्त राष्ट्र सङ्घ सूचना केन्द्र, पुल्चोक |
| २१ | निजी क्षेत्रका तथा राष्ट्रिय गैह्र सरकारी/अन्तर्राष्ट्रिय गैह्रसरकारी सङ्घ संस्थाका पुस्तकालयहरू | सोसल साइन्स बहाः पुस्तकालय |
| २२ | परम्परागत तथा वैकल्पिक चिकित्सा सम्बन्धी पुस्तकालयहरू | प्राथमिक स्वास्थ्य सेवा स्रोतकेन्द्रको पुस्तकालय |
| २३ | जलश्रोत तथा उर्जासम्बन्धी पुस्तकालयहरू | जल तथा उर्जा आयोगको पुस्तकालय सिंहदरबार । |

उल्लेखित सम्पर्क केन्द्रका रूपमा काम गर्ने सम्पर्क पुस्तकालयहरूले निम्न कामहरू गर्नुपर्नेछः

क. Software Customization

ख. आफ्ना क्षेत्रका पुस्तकालयमा काम गर्ने सम्बन्धित प्राविधिक कर्मचारीहरूको क्षमता विकास गर्नका लागि समय समयमा तालिमको व्यवस्था गर्ने,

ग. डिजिटल पुस्तकालयको बढीभन्दा बढी उपयोग/फाइदा गराउन पाठकहरूका लागि आवश्यक तालिमको व्यवस्था गर्ने,

## १४. परियोजनाहरू

विद्युतीय पुस्तकालय विकास गर्नका लागि चरणबद्ध रूपमा विभिन्न परियोजनाहरू सञ्चालन गर्नुपर्ने हुनाले सोही अनुसार परियोजना टिम बनाएर निम्न परियोजनाहरू सञ्चालन गर्न सिफारिस गरिएको छ:

### क. प्रारम्भिक परियोजना समयावधि दुईवर्ष

१. नेपालका सबै पुस्तकालयहरूको वर्तमान अवस्था थाहा पाउनका लागि विस्तृत सर्वेक्षण गर्ने ।

२. पुस्तकालय स्वचालीकरण तथा विद्युतीय पुस्तकालय सफलतापूर्वक सञ्चालन गरिरहेका विभिन्न मुलुकहरूको अध्ययन भ्रमण गर्ने । (भारत, चीन, सिङ्गापुर आदि)

३. विभिन्न देशका विशेषज्ञहरूलाई निम्ता दिएर उनीहरूको परामर्श सेवा लिने तथा यहाँका पुस्तकालयकर्मीहरूलाई तिनीहरूको अनुभव तथा आफ्ना अनुभव आदान-प्रदान गर्न सेमिनार आयोजना गर्ने ।

४. सबै पुस्तकालयहरूमा सूचना तथा सञ्चार प्रविधिको आवश्यक पूर्वाधारको विकास गर्ने, गराउने ।

५. सम्बन्धित पुस्तकालयकर्मीहरू तथा पाठकहरूलाई सूचना तथा सञ्चार प्रविधिबारे खासगरी पुस्तकालय स्वचालीकरण तथा डिजिटाइजेसनका विषयमा तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाउने ।

### ख. पुस्तकालय स्वचालीकरण तथा डिजिटाइजेसन प्रयोगात्मक परियोजना - दुई वर्ष

१. हाल विद्यमान विभिन्न बिब्लियोग्रफिक डाटाबेसहरू प्रयोग गरी युनियन क्याटलग तयार गर्ने ।

२. विभिन्न पुस्तकालयमा जस्तै : नेपाल राष्ट्रिय पुस्तकालय, विभिन्न सरकारी निकायका पुस्तकालयहरू, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पुस्तकालय, त्रिवि केन्द्रिय पुस्तकालय, काठमाडौं विश्वविद्यालयको केन्द्रिय पुस्तकालय आदिमा हाल भएका डिजिटल सङ्ग्रह विशेषगरी थेसिस, डिजर्टेसन, सरकारी दस्तावेजहरूको डाटाहरू राष्ट्रिय सूचना प्रविधि केन्द्रको केन्द्रिय सर्भरमा राखी डिजिटल सेवा प्रदान गर्ने ।

३. उक्त विद्युतीय पुस्तकालयको सेवा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्ने ।

४. यस प्रयोगात्मक परियोजनाको मूल्याङ्कन गरी विभिन्न समस्याहरू पहिचान गरी त्यसलाई समाधान गर्ने ।

### ग. राष्ट्रिय विद्युतीय पुस्तकालय परियोजना - पाँच वर्ष

१. प्रयोगात्मक परियोजनाबाट प्राप्त अनुभवका आधारमा राष्ट्रिय स्तरमा नै विभिन्न पुस्तकालयहरूमा विद्युतीय पुस्तकालयको विकास गर्ने ।

२. उक्त विद्युतीय पुस्तकालयको सेवा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्ने ।

**अनुसूची १**

## औपचारिक बैठक भएका दिनहरू

| क्रसं. | मिति | स्थान/समय | विषय | उपस्थितिसङ्ख्या |
|---|---|---|---|---|
| १ | २०७२।१२।१९ | काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय | | ७ |
| २ | २०७२।१२।२६ | राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद, रामशाहपथ | | ७ |
| ३ | २०७३।१।१३ | शिक्षा मन्त्रालय सिंहदरबार | | ३ |
| ४ | २०७३।१।२० | सामुदायिक बाल विकास पुस्तकालय, सानेपा | | ४ |
| ५ | २०७३।१।२७ | नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन | | ४ |
| ६ | २०७३।२।७ | नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन | | ६ |
| ७ | २०७३।३।३ | नेपाल राष्ट्रिय पुस्तकालय, हरिहरभवन | | ६ |
| ८ | २०७३।३।१६ | शिक्षा मन्त्रालय | | ६ |
| ९ | २०७३।३।१७ | शिक्षा मन्त्रालय | | ६ |
| १० | २०७३।३।१९ | शिक्षा मन्त्रालय | | ६ |
| | | | | |

**अनुसूची २**

## अध्ययन अवलोकन भ्रमण गरेका केन्द्र तथा पुस्तकालयहरूको नामावली

| क्रसं. | स्थान/समय | ठेगाना |
|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालय | कीर्तिपुर, काठमाडौ |
| २ | काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय | भृकुटीमण्डप, काठमाडौ |
| ३ | डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय | लाजिम्पाट, काठमाडौ |
| ४ | प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र | बागबजार, काठमाडौ |
| ५ | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | रामशाहपथ, काठमाडौ |
| ६ | नेपाल राष्ट्रिय पुस्तकालय | हरिहभवन, ललितपुर |
| ७ | सामुदायिक बाल विकास पुस्तकालय | सानेपा, ललितपुर |
| ८ | नेपाल जापान बाल पुस्तकालय | लाजिम्पाट, काठमाडौ |
| ९ | त्रिफला राष्ट्रिय पुस्तकालय | धुलाबारी, झापा |
| १० | लेखनाथ पुस्तकालय | भद्रपुर, झापा |
| ११ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | सिंहदरबार, काठमाडौ |
| १२ | केसर पुस्तकालय | केसरमहल, काठमाडौ |
| १३ | अमृत उच्चमाध्यमिक बोर्डिङ्ग स्कूल | म्हैपी, काठमाडौं |
| १४ | मार्टिन चौतारी पुस्तकालय | थापाथली, काठमाडौं |
| १५ | टिका विद्याश्रम विद्यालयको पुस्तकालय | सानेपा, ललितपुर |
| १६ | संयुक्त राष्ट्रसङ्घ सूचना केन्द्र | पुलचोक, ललितपुर |

**अनुसूची ३**

## औपचारिक बैठकहरूमा बोलाएर राय-सुझावहरू मागिएका वरिष्ठ विषय विशेषज्ञ (सूचना तथा सञ्चार प्रविधि तथा पुस्तकालय विज्ञान) हरूको नामावली

१. श्री रमेश पोखरेल, सिस्टम इन्जिनियर, राष्ट्रिय सूचना प्रविधि केन्द्र
२. श्री अरुणकुमार राई, पुस्तकालय अधिकृत, पाठ्यक्रम विकास केन्द्र
३. डा. प्रा. मोहनराज प्रधान, त्रिवि पुस्तकालय तथा सूचनाविज्ञान केन्द्रिय विभाग
४. श्री श्याम गिरी, कन्सल्ट्यान्ट, नेपानोल

**अनुसूची ४**

## पुस्तकालय सर्वेक्षणका लागि तयार गरिएको प्रश्नावली

नेपाल सरकार
शिक्षा मन्त्रालय
योजना महाशाखा
शैक्षिक पुस्तकालय तथा प्रलेखन शाखा

नमस्कार

नेपाल सरकारका माननीय शिक्षा मन्त्रीस्तरको मिति २०७२ साल फागुन ३० गतेको निर्णयअनुसार त्रिभुवन विश्वविद्यालयका भूतपूर्व सहलाइब्रेरियन श्रीमती इन्दिरा दलीको संयोजकत्वमा छ सदस्यीय पुस्तकालय अभिलेख-निर्माण कार्यदलको गठन भएको छ । अन्य जिम्मेवारीका अतिरिक्त कार्यदललाई पुस्तकालयको कार्यप्रकृति/किसिमका आधारमा पुस्तकाय स्वचालीकरण तथा विद्युतीय पुस्तकालय व्यवस्थापनसम्बन्धी सफ्टवेयरको पहिचान, पुस्तकालय तथा सूचना व्यवस्थापनसँग सम्बद्ध जनशक्तिको पेसागत दक्षता विकासका लागि उपयुक्त तालिम नीतिको व्यवस्था तथा विभिन्न पुस्तकालयका बीच सूचना आदानप्रदानमा सहजीकरण गर्नका लागि साझा मापदण्डको समेत निर्धारण गर्ने जिम्मेवारी प्राप्त भएको छ ।

नेपालमा रहेका सबै खालका पुस्तकालयलाई उपयुक्त हुने गरी उल्लिखित कार्यसम्पादन गर्ने गरी समितिले प्रारम्भिक कार्य अगाडि बढाइसकेको छ । यस सन्दर्भमा पुस्तकालय तथा सूचना क्षेत्रसँग सम्बद्ध सबैको सहभागिताका लागि समितिले यो प्रश्नावली तयार गरेको हो । यो विशुद्ध अनुसन्धानकार्यका लागि भएकोले यहाँले दिएको सूचनाका आधारमा नेपालको भावी पुस्तकालय कार्ययोजना तयार हुनेछ । यहाँले उपलब्ध गराउनु भएको सूचनाको उपयोग अन्य कुनै पनि काममा नगरिने/यहाँको परिचय गोप्य राखिनेछ । सहयोगका लागि धेरै धेरै धन्यवाद ।

१. पुस्तकालयको नाम/ठेगानाः
   फोन नं.　　　　　इमेलः　　　　　वेवसाइटः

२ पुस्तकालयमा काम गर्ने कर्मचारीको संख्या ☐
   पुस्तकालय व्यवस्थापन सम्बन्धी उच्च शैक्षिक योग्यता (स्नातक भन्दा माथि भएका ☐
   पुस्तकालय व्यवस्थापन सम्बन्धी कम्तीमा ३५ दिनको तालिम प्राप्तः ☐
   प्रशासन वा अन्य क्षेत्रको ज्ञान भएकाः ☐
   विशिष्ट वा सो सरह ☐ प्रथम श्रेणी वा सो सरह ☐ द्वितीय श्रेणी वा सो सरह ☐ तृतीय श्रेणी वा सो सरह ☐ नासु वा सो सरह ☐ खरिदार वा सो सरह ☐

अन्य:........................................................................................................

३. पुस्तकालयको किसिम: ☐ सार्वजनिक पुस्तकालय वा सामुदायिक पुस्तकालय ☐
राष्ट्रिय पुस्तकालय ☐ सरकारी पुस्तकालय ☐ बाल पुस्तकालय ☐
अनुसन्धान पुस्तकालय राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संस्थाको पुस्तकालय ☐
विशेष पुस्तकालय (अनुसन्धान पुस्तकालय, ब्रेल पुस्तकालय वा अन्य कुनै खालको):......................

**शैक्षिक पुस्तकालय**

यदि शैक्षिक पुस्तकालय हो भने कस्तो खालको पुस्तकालय होला ?

प्राथमिक विद्यालय पुस्तकालय ☐ निम्नमाध्यमिक विद्यालय पुस्तकालय ☐
माध्यमिक विद्यालय पुस्तकालय ☐ उच्चमाध्यमिक विद्यालय पुस्तकालय ☐
महाविद्यालय वा क्याम्पस पुस्तकालय ☐ विश्वविद्यालय पुस्तकालय ☐

४. यहाँको पुस्तकालयमा कति संख्यामा पुस्तक, पत्रपत्रिका लगायतका पठनसामग्री छन् ? ........................

पुस्तक: नेपाली भाषाका................ अंग्रेजी भाषाका ...................अन्यभाषाका .......
पत्रपत्रिका: नेपाली भाषाका................ अंग्रेजी भाषाका ...................अन्यभाषाका ........
विद्युतीय पुस्तक: नेपाली भाषाका.......... अंग्रेजी भाषाका ................ अन्यभाषाका .......
विद्युतीय पत्रपत्रिका: नेपाली भाषाका.............. अंग्रेजी भाषाका ............अन्यभाषाका ........
गैह्रपुस्तक: नेपाली भाषाका............अंग्रेजी भाषाका ........... अन्यभाषाका ................

५. यहाँको पुस्तकालयको प्रयोग गर्ने कूल सदस्य संख्या कति रहेको छ ?

६. एक दिनमा औसत कतिजनाले यहाँको पुस्तकालयको प्रयोग गर्दछन् ?

७. यहाँले आफ्नो पुस्तकालयको व्यवस्थापन गर्दा के के काम गर्ने गर्नु भएको छ ?
पुस्तक तथा पत्रपत्रिका दर्ता ☐ वर्गीकरण ☐ सूचीकरण ☐

पाठक सेवा प्रदान ☐ सन्दर्भ सेवा प्रदान ☐ संरक्षण तथा सम्बर्द्धन ☐

८. यहाँले आफ्नो पुस्तकालयमा भएका पुस्तक खोज्नका लागि कस्तो सूचीकरण पद्धति अपनाउनु भएको छ?
कार्ड क्याटलग ☐ कम्प्युटराइज्ड क्याटलग ☐ अनलाइन पब्लिक एक्सेस क्याटलग (OPAC)

९. कम्प्युटराइज्ड क्याटलग, OPAC तथा विद्युतीय पुस्तकालय विकासका लागि कुन सफ्टवेयर प्रयोग गर्नु भएको छ?

१०. यहाँको पुस्तकालयमा के के पूर्वाधारको व्यवस्था गर्नु भएको छ ?

२४ सै घण्टा विद्युतीय सेवा ☐ कम्प्युटर सञ्जाल ☐ इन्टरनेट सुविधा
पर्याप्त बजेट ☐ तालिम प्राप्त जनशक्ति ☐
डाटावेस तथा विद्युतीय पुस्तकालय विकासका लागि सफ्टवेयर ☐

११. यहाँको पुस्तकालयलाई स्वचालित पुस्तकालयका रूपमा विकास गर्न के के थप पूर्वाधारको आवश्यकता बोध गर्नु भएको छ?

२४ सै घण्टा विद्युतीय सेवा ☐ कम्प्युटर सञ्जाल ☐ इन्टरनेट सुविधा
पर्याप्त बजेट ☐ तालिम प्राप्त जनशक्ति ☐
डाटावेस तथा विद्युतीय पुस्तकालय विकासका लागि सफ्टवेयर ☐

१२. यहाँको पुस्तकालयमा विद्युतीय सामग्रीको पनि संकलन एवम् व्यवस्थापन गर्नु भएको छ ?
छ ☐ छैन ☐
छ भने कति परिमाणमा छ ? ☐
२० जिवी ५० जिबी १०० जिवी ☐ ५०० जिवी वा सो भन्दा माथि

१३. छैन भने विद्युतिय पुस्तकालयको विकासका लागि यहाँले कुनै योजना बनाउनु भएको छ ? छ ☐
छैन ☐

१४. यदि छ भने, कति भण्डारण क्षमताको आवश्यक पर्ला ?
२० जिवी ☐ ५० जिबी ☐ १०० जिवी ☐ ५०० जिवी वा सो भन्दा ☐ माथि

१५. यहाँले विब्लियोग्राफिक सफ्टवेयरका कुन कुन मोड्युल प्रयोग गरिरहनु भएको छ ?
एक्विजिसन ☐ क्याटलगिग ☐ सर्कुलेसन ☐ एसडिआइ ☐
इम्पोर्ट एक्सपोर्ट ☐ ब्याकअप ☐ अन्य: ☐

१६. पुस्तकालय क्षेत्रको समग्र विकास/विस्तारका लागि यहाँको कुनै सल्लाह/सुझाव भए दिइएको बक्समा लेखिदिनु होला

**अनुसूची ४क**

## इमेल, टेलिफोन तथा अवलोकन मार्फत  निम्न पुस्तकालयहरूबाट आवश्यक आवश्यक डाटा संकलन

१. नेपाल राष्ट्रिय पुस्तकालय
२. त्रिभुवन विश्वविद्यालय केन्द्रिय पुस्तकालय
३. त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल पुस्तकालय
४. केसर पुस्तकालय
५. पोखरा विश्वविद्यालय केन्द्रिय पुस्तकालय
६. वनविज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस पुस्तकालय
७. गण्डकी मेडिकल कलेज, पुस्तकालय
८. सोसल साइन्स वहा:, पुस्तकालय
९. पोखरा सार्वजनिक पुस्तकालय,
१०. इन्जिनियरिङ् अध्ययन संस्थान, पुस्तकालय
११. शहरी विकास तथा भवननिर्माण विभाग, पुस्तकालय
१२. मोति सामुदायिक पुस्तकालय,
१३. डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय,
१४. राष्ट्रिय विधिविज्ञान प्रयोगशाला पुस्तकालय
१५. महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस पुस्तकाय
१६. प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र, पुस्तकालय
१७. नेपाल स्वास्थ्य अनुसन्धान परिषद् पुस्तकालय
१८. सैनिक चिकित्सा महाविद्यालय पुस्तकालय
१९. नेपाल जापान बाल पुस्तकालय
२०. सामुदायिक बाल विकास पुस्तकालय
२१. संयुक्त राष्ट्रसङ्घ सूचना केन्द्र
२२. काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय
२३. अमृत उच्चमाध्यमिक बोर्डिग स्कूल पुस्तकालय
२४. टिका विद्याश्रम विद्यालयको पुस्तकालय
२५. नेपाल प्रज्ञाप्रतिष्ठान पुस्तकालय
२६. नेपाल कृषि अनुसन्धान परिषद् पुस्तकालय
२७. अमृत साइन्स क्याम्पस पुस्तकालय
२८. सेन्ट मेरिज हाइस्कूल पुस्तकालय
२९. जलस्रोत तथा ऊर्जा केन्द्र पुस्तकालय
३०. मार्टिन चौतारी पुस्तकालय
३१. बी.पी.कोइराला स्वास्थ्यविज्ञान प्रतिष्ठान केन्द्रिय पुस्तकालय

अनुसूची ५

# त्रिभुवन विश्वविद्यालय, पुस्तकालय तथा सूचनाविज्ञान केन्द्रीय विभागमा अध्ययनरत प्रथम/तेस्रो सेमेष्टरमा अध्ययनरत विद्यार्थीहरूका लागि तयार पारिएको प्रश्नावली

**Status of Library Digitization/Automation in Nepal : A survey designed for students of MLIS**

Dear MLIS Students,

Nepal Government, Ministry of Education has formed a Task Force Committee for the development of library with modern technology such as library automation and digitization. We are conducting a survey to know the exact situation of libraries in Nepal and possibilities of implementation of software for both library automation and digitization in the various libraries in Nepal.

Hence we would like to request you to participate in this survey and help us to provide necessary information by filling up this questionnaire.

The information you provided will be confidential and used only for the research purpose.

With Regards,

Research Team

**Personal information**

Semester: Age: Sex:

Academic qualification: Trainings (if any):

Affiliation (Name of the Library/Institution if any):

**Please select the appropriate options**

1. How is your computer skills and knowledge on ICT
   a. Excellent b. Good c. Satisfactory d. Poor e. I don't have any
2. Do you have any course in your curriculum about ICT and use of computers in the library?
   a. Yes, we have a separate paper b. Yes, we have some classes in a paper
   b. c. No, we don't have any d. We have some but not sufficient.
3. How many computers do you have in the laboratory of your department?
   a. One to one for all students b. One for two students c. One for three students d. One for four students.

4. Have you heard about library automation?
   a) Yes, I have visited some b) Yes, we study about this c) No, I have not d) Yes I have heard but I have no idea

5. Can you name some software for library automation?

   …………………………………………………………………………………………
   …………………………………………………………………………………………
   …………………………………………………………………………………………
   …………………………………………………………………………………………

6. Which one do you know more about?

   ……………………………………………………………………………………………
   ……………………………………………………………………………………………

7. Have you heard about Koha?
   a) Yes, I have installed, customized and used well b) Yes, I can't install but have customized and used well c) yes, I have used well d) Yes, I have heard but have not used e) No, I have not heard.

8. Have you heard about digital library?
   a) Yes, I have visited some b) Yes, we study about this c) No, I have not d) Yes I have heard but I have no idea

9. Can you name some software for digital library?

   …………………………………………………………………………………………
   …………………………………………………………………………………………
   …………………………………………………………………………………………
   …………………………………………………………………………………………

10. Which one do you know more about?

    ……………………………………………………………………………………………
    …………………………………………………………………………………………..

11. Have you heard about DSpace?
    a) Yes, I have installed, customized and used well b)Yes, I can't install but have customized and used well c) yes, I have used well d) Yes, I have heard but have not used e) No, I have not heard.

12. Which kind of catalogue have you used in some library?
    a. Card catalogue b. Computerized catalogue c. Bibliographic catalogue d. OPAC

13. What are the benefits of an automated library?
    a. It helps in Acquisition of documents b. It makes Circulation work speedy and effective C. It keeps members record up to date d. The library catalogue will be computerized which helps in searching the document. e. All above

14. What are the benefits of digital library?
    a. Full text of the documents can be read in the computer. b. Saves the space of library c) Documents can be saved from being stolen, torn, and

overdue. d) Helps in searching/makes easy to find relevant information. e) All above

**Please provide your opinion in brief**

15. How important is it to automate a library and provide digital library service in Nepal?
…………………………………………………………………………………………
…………………………………….…………………………………………………
……………………………………………………………………………………

16. What do you think the curriculum you study is sufficient for the implementation of library automation and digitization into practice?
…………………………………………………………………………………………
…………………………………………………………………………………………
What may be the challenges for the successful implementation of library automation and digitization in Nepal?
…………………………………………………………………………………………
…………………………………………………………………………………………
…………………………………………………………………………………………
…………………………………………………………………………………………

17. In your opinion how government can help for the development of library in Nepal with reference to digitization and automation?
…………………………………………………………………………………………
…………………………………………………………………………………………
…………………………………………………………………………………………
…………………………………………………………………………………………

18. Do you have any comments, suggestions regarding the automation and digitization of the libraries in Nepal
…………………………………………………………………………………………
…………………………………………………………………………………………
…………………………………………………………………………………………
…………………………………………………………………………………………

**Thank you**

**अनुसूची ६**

## प्रत्यक्ष भेटेर तथा टेलिफोनका माध्यमबाट राय मागिएका पुस्तकालयविद्, पुस्तकालयका प्रयोगकर्ता, पुस्तकालयप्रेमीहरूको नामावली

| क्रसं | नाम | पेशा/पोष्ट | ठेगाना |
|---|---|---|---|
| १ | श्री जर्नादन ढुङ्गाना | पुस्तकालयाध्यक्ष | त्रिवि केन्द्रीय पुस्तकालय |
| २ | श्री मधुसूदन सुवेदी | पुस्तकालयाध्यक्ष | केन्द्रीय कानुन पुस्तकालय |
| ३ | डा. मधुसूदन कार्की | भूपु सहप्राध्यापक | त्रिवि पुस्तकालय तथा सूचन विज्ञान विभाग |
| ४ | श्री भोलाकुमार श्रेष्ठ | पुस्तकालयाध्यक्ष | डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालय |
| ५ | श्री भीमध्वज श्रेष्ठ | विभागीय प्रमुख | त्रिवि पुस्तकालय तथा सूचनाविज्ञान विभाग |
| ६ | श्री चिरञ्जीवी न्यौपाने | पुस्तकालयाध्यक्ष | त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान पुस्तकालय |
| ७ | श्री रमेश निरौला | पुस्तकालयाध्यक्ष | मार्टिन चौतारी पुस्तकालय |
| ८ | श्री श्याम गिरी | कन्सल्टेन्ट | नेपानोल |
| ९ | डा. महेश मास्के | स्वास्थ्य | |
| १० | डा. श्रीकृष्ण गिरी | स्वास्थ्य | वीर अस्पताल, काठमाडौ |
| ११ | श्री चन्डेश्वर श्रेष्ठ | कानुन व्यावसायी | सिर्जना ल फर्म, पुलचोक |
| १२ | श्री अर्जुन श्रेष्ठ | पुस्तकालयाध्यक्ष | पोखरा सार्वजनिक पुस्तकालय, पोखरा |
| १३ | श्री सूर्य क्षेत्री | पुस्तकालयाध्यक्ष | वनविज्ञान अध्ययन संस्थान, पोखरा |
| १४ | श्री कृष्णचन्द्र न्यौपाने | पाठक | कोटेश्वर, काठमाडौ |
| १५ | श्री जानकी कर्माचार्य | भूपु पुस्तकालय प्रमुख | केसर पुस्तकालय, काठमाडौ । |
| १६ | श्री प्रवीण पौडेल | पुस्तकालय प्रमुख | मदन पुरस्कार पुस्तकालय |
| १७ | श्री प्रेमप्रकाश फलाहारी | संस्थापक अध्यक्ष | त्रिफला राष्ट्रिय पुस्तकालय, धुलावारी झापा |
| १८ | श्री नवराज घिमिरे | अध्यक्ष | लेखनाथ पुस्तकालय चन्द्रगढी झापा |
| १९ | श्री चूडामणी रेग्मी | सदस्य | लेखनाथ पुस्तकाल चन्द्रगढी झापा |
| २० | श्री अरुणकुमार राई | पुस्तकालय अधिकृत | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी |
| २१ | श्री पार्वती नेपाल | उपाध्यक्ष | पुस्तकालय व्यवस्थापन तथा सूचना सेवा केन्द्र (लिमिसेक) |
| २२ | श्री तुलसी भट्टराई | डकुमेन्टेसन अधिकृत | शहरी विकास तथा भवननिर्माण विभाग पुस्तकालय, बबरमहल |
| २३ | श्री अच्यूत कार्की | पुस्तकालय प्रमुख | नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान पुस्तकालय, खुमलटार ललितपुर । |
| २४ | श्री रत्न श्रेष्ठ | पुस्तकालय अफिसर | नेपाल कृषि अनुसन्धान परिषद्, पुस्तकालय खुमलटार ललितपुर । |
| २५ | श्री रुद्रप्रसाद दुलाल | | नेपाल प्रज्ञा प्रतिष्ठान, पुस्तकालय खुमलटार ललितपुर । |
| २६ | श्री इन्द्रप्रसाद अधिकारी | सहपुस्तकालयध्यक्ष | अमृत साइन्स क्याम्पस पुस्तकालय, ठमेल । |
| २७ | डा. सेनी चापागाई | नेत्र विशेषज्ञ | गेटा आँखा अस्पताल, कैलाली, धनगढी । |
| २८ | श्री इन्द्रप्रसाद अधिकारी | सहलाइब्रेरियन | अमृत साइन्स क्याम्पस, हाल त्रिविकेपु । |
| २९ | श्री दशरथ मिश्र | पुस्तकालयाध्यक्ष | केसर पुस्तकालय, केसरमहल । |
| ३० | श्री सलिना शाक्य | पुस्तकालय प्रमुख | सेन्ट मेरिज हाइस्कुल, जावलाखेल । |